# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

# (प्रदेश नं.- १)

## प्रथम अर्ध-वार्षिक प्रतिवेदन
(आ.व.२०७८/७९)




**नेपाल राष्ट्र बैंक**
**विराटनगर कार्यालय**
(२०७९ असार)

# भूमिका

नेपाल राष्ट्र बैङ्कले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, कर्जाको विस्तार तथा विदेशी विनिमय जस्ता विषयमा तथ्याङ्कको संकलन, अध्ययन, प्रशोधन तथा विश्लेषण गरी सो सम्बन्धी प्रतिवेदन नियमित रुपमा प्रकाशन गर्दै आएको छ ।

यो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन **आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६"** मा आधारित भई तयार पारिएको छ । प्रदेश नं. १ को आर्थिक गतिविधि अध्ययनको लागि प्रदेश नं. १ अन्तर्गतका सबै १४ जिल्ला (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, सुनसरी, मोरङ, सोलुखुम्बु ओखलढुङ्गा, खोटाङ र उदयपुर) मा भएका कृषि बाली, सिँचाइ, वन, मत्स्यपालन, औद्योगिक उत्पादन तथा उत्पादकत्व, बैंक तथा वित्तीय सेवा र वित्तीय सञ्जालको अवस्था, पूर्वाधारको विद्यमान अवस्था, ती क्षेत्रहरुमा रहेका चुनौती तथा सम्भावनालाई समेटि यो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पारिएको छ । प्रतिवेदन तयारीका क्रममा प्रदेश नं. १ अन्तर्गतका १४ वटै जिल्लाहरुमध्ये ९ जिल्लाबाट स्थलगत तथा बाँकी ५ जिल्लाबाट गैह्रस्थलगत रुपमा तथ्याङ्क संकलन गर्ने विधि अवलम्वन गरिएको छ भने आर्थिक गतिविधको विश्लेषण गर्नका लागि द्वितीय तथ्याङ्कलाई आधार बनाइएको छ । विशेष गरी विभिन्न सरकारी कार्यालय, बैंक तथा वित्तीय सस्था, प्रदेशभित्र सञ्चालित औद्योगिक प्रतिष्ठान, विकास परियोजना र नीजि क्षेत्रबाट समेत तथ्याङ्क तथा सूचना संकलन गरी अर्थतन्त्रका प्रमुख क्षेत्रहरु कृषि, उद्योग, सेवा तथा पूर्वाधार विकास सम्बन्धी क्षेत्रको विश्लेषण गरिएको छ । प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया, छलफल एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत चुनौती, सम्भावना तथा आगामी परिदृश्य समेत चित्रण गरिएको छ ।

प्रतिवेदन तयारीका क्रममा आवश्यक तथ्याङ्कहरु समयमै उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने जिल्लास्थित विभिन्न सरकारी कार्यालय, निर्देशनालय एवम् सम्बन्धित परियोजना/औद्योगिक प्रतिष्ठान र सरोकारवाला निकायप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै, आगामी दिनहरुमा पनि सम्बन्धित सरोकारवाला निकायको साथ र सहयोगको अपेक्षा गर्दछु । प्रतिवेदन तयारीका क्रममा तथ्याङ्क संकलन, विश्लेषण तथा प्रतिवेदन लेखनको कार्यमा संलग्न हुनु हुने यस कार्यालयका आर्थिक अनुसन्धान इकाईका उपनिर्देशक अमृतबहादुर बुढाथोकी, सहायक निर्देशक निर्जल घिमिरे, प्रधान सहायकहरु सम्झना अधिकारी, अशोक रेग्मी, वेदनिधि घिमिरे, रमेश निरौला र सुजन विश्वकर्मालाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

**मीना पाण्डे**
**निर्देशक**
**नेपाल राष्ट्र बैंक, विराटनगर**

# विषय-सूची


| शीर्षक | पेज नं. |
|---|---|
| **भूमिका** | **क** |
| **विषय सूची** | **ख** |
| **तालिका सूची** | **घ** |
| **चार्टसूची** | **घ** |
| **कार्यकारीसारांश** | **ङ** |
| **परिच्छेद १: अध्ययन परिचय** | **१** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ अध्ययनको उद्देश्य | १ |
| १.३ अध्ययन विधि | १ |
| १.४ अध्ययनको सीमा | २ |
| १.५ अध्ययनको ढाँचा | २ |
| **परिच्छेद २: कृषि, उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति** | **३** |
| २.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| २.२ अन्तरप्रदेश तुलना | ४ |
| २.३ प्रादेशिक क्षमता, सम्भावना र चुनौती | ७ |
| **परिच्छेद ३: कृषि क्षेत्र** | **९** |
| ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ९ |
| ३.२ कृषि उत्पादन | १० |
| ३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन | ११ |
| ३.४ सिँचाइ तथा मौसम | १२ |
| ३.५ क्षेत्रगत कृषि कर्जा | १४ |
| ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना | १४ |
| **परिच्छेद ४: उद्योग क्षेत्र** | **२१** |
| ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन | २१ |
| ४.२ क्षेत्रगत औद्योगिक कर्जा | २२ |
| ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | २३ |
| **परिच्छेद ५: सेवा क्षेत्र** | **२५** |

५.१ पर्यटन २५
५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट २६
५.३ वित्तीय सेवा २६
५.४ यातायात तथा सञ्चार ३१
५.५ सेवा क्षेत्र कर्जा ३१
५.६ प्रदेश नं. १ को सरकारी वित्त स्थिति ३२
५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना ३३
**परिच्छेद ६: पूर्वाधार र रोजगारी** **३५**
६.१ पूर्वाधार क्षेत्र ३५
६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना ३८
**परिच्छेद ७: आर्थिक परिदृष्य** **४०**
७.१ कृषि उत्पादन ४०
७.२ औद्योगिक उत्पादन ४०
७.३ सेवा क्षेत्र ४०
७.४ पूर्वाधार क्षेत्र ४१

## तालिकाहरुको सूची


| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका २.१ | कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (आधार मूल्य)(प्रतिशत) | ३ |
| तालिका २.२ | कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान(प्रचलित मूल्य)(प्रतिशत) | ३ |
| तालिका २.३ | प्रादेशिक कुल गार्हस्थ्य उत्पादन स्थिति | ३ |
| तालिका २.४ | राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा प्रदेश नं. १ को हिस्सा (प्रतिशत) | ४ |
| तालिका २.५ | राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान (आ.व २०७८/७९) | ४ |
| तालकिा २.१ | बालीले ढाकेको क्षेत्रफलको अंश, कुल उत्पादनमा योगदान र उत्पादकत्व | १० |
| तालिका २.२ | माछा र पशुजन्य उत्पादनको अवस्था | ११ |
| तालिका ४.१ | क्षेत्रगत औद्योगिक कर्जाको अंश | २२ |
| तालिका ५.१ | प्रदेश नं १ मा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | २६ |
| तालिका ५.२ | क्षेत्रगत कर्जाको अंश(प्रतिशत) | २७ |
| तालिका ५.३ | कुल कर्जाको तुलनामा हिस्सा (प्रतिशत) | २९ |
| तालिका ५.४ | परिवर्त्य विदेशी मुद्रा खरिद विवरण(रु.करोडमा) | ३१ |
| तालिका ६.१ | प्रदेश नं. १ सरकारको प्रगति विवरण (६ महिना) | ३३ |


## चार्टहरुको सूची


| चार्ट नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| चार्ट २.१ | प्रदेशगत जनसंख्याको वितरण | ५ |
| चार्ट २.२ | जिल्लागत जनसंख्या तथा वृद्धिदरको अवस्था | ६ |
| चार्ट ३.१ | प्रमुख कृषि उपजले ढाकेको भू-क्षेत्रको अवस्था | ९ |
| चार्ट ३.२ | प्रमुख कृषि बालीको उत्पादन अवस्था | १० |
| चार्ट ३.३ | काठ उत्पादनको जिल्लागत अवस्था | १२ |
| चार्ट ३.४ | सिञ्चित क्षेत्रफल, खेतीयोग्य क्षेत्रफल र खेती गरिएको क्षेत्रफलको स्थिति | १३ |
| चार्ट ३.५ | प्रदेश नं. १ मा सिँचाइका स्रोतको अवस्था | १३ |
| चार्ट ३.६ | क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था | १४ |
| चार्ट ४.१ | उद्योगको क्षमता उपयोगको अवस्था | २१ |
| चार्ट ४.२ | उद्योगको उत्पादन वृद्धिदर अवस्था | २२ |
| चार्ट ४.३ | क्षेत्रगत औद्योगिक कर्जाको वृद्धिदर(६ महिना) | २३ |
| चार्ट ५.१ | घरजग्गा कारोवारको अवस्था | २६ |
| चार्ट ५.२ | बैंक तथा वित्तीय संस्थाहरुको जिल्लागत शाखा | २७ |
| चार्ट ५.३ | निक्षेप तथा कर्जा स्थिति | २८ |
| चार्ट ५.४ | कुल निक्षेपको संरचना | २८ |
| चार्ट ५.५ | सहकारी क्षेत्रको पुँजी, बचत र ऋण लगानीको अवस्था | ३० |
| चार्ट ५.६ | यातायातका साधनको संख्या | ३१ |
| चार्ट ५.७ | सेवा क्षेत्र कर्जाको अवस्था | ३२ |

# कार्यकारी सारांश

प्रदेश नं. १ अन्तर्गतका १४ जिल्लाहरुको स्थलगत तथा गैरस्थलगत भ्रमण गरी यस कार्यालयले तयार गरेको आर्थिक वर्ष २०७८/७९ को आर्थिक गतिविधि सम्बन्धी प्रथम अर्ध-वार्षिक अध्ययन प्रतिवेदनको कार्यकारी सारांश निम्नानुसार प्रस्तुत गरिएको छ ।

## कृषि

- आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा यस प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल १.२ प्रतिशतले घटेको छ । समीक्षा अवधिमा धान बालीले ढाकेको क्षेत्रफल २.९ प्रतिशतले घटेको छ । धान, मकै र आलु बालीले ढाकेको क्षेत्रफलमा कमी आएकाले समग्र कृषि बालीले ढाकेको क्षेत्रफल घटेको देखिन्छ ।
- समीक्षा अवधिमा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन ४.१ प्रतिशतले वृद्धि भएको छ । मकै, दलहन र तरकारी बालीको उत्पादन बढेकाले समग्र बालीको उत्पादन वृद्धि भएको देखिन्छ ।
- समीक्षा अवधिमा धान उत्पादन २.० प्रतिशतले घटेको छ भने मकै उत्पादन २३.८ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा धान उत्पादन १०.५ प्रतिशत र मकै उत्पादन ११.९ प्रतिशतले बढेको थियो । अधिक मकै उत्पादन हुने क्षेत्रमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत जोन तथा ब्लकहरु थप भएकाले उत्पादन वृद्धि भएको देखिन्छ ।
- गत वर्षको पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा तरकारी बाली उत्पादन ५.९ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ४.० प्रतिशत बढेको थियो ।
- समीक्षा अवधिमा यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ३७.१ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो सुविधा पुगेको क्षेत्रफल ३६.५ प्रतिशत रहेको थियो ।
- गत वर्षको पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा दूध उत्पादन १.९ प्रतिशत, अण्डा उत्पादन ३.५ प्रतिशत र माछा उत्पादन ७.४ प्रतिशतले बढेको छ ।
- गत वर्षको पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा काठ उत्पादन २७.२ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा डिभिजन वन कार्यालयले निजी वनको काठ कटानका लागि स्वीकृति दिएको, ग्रामीण इलाकामा सडक सञ्जाल विस्तारका क्रममा सार्वजनिक वनको रुख कटान गरेकाले काठ उत्पादन बढेको देखिन्छ ।
- २०७८ पुस मसान्तसम्म कुल प्रवाहित कर्जामध्ये कृषि क्षेत्रमा प्रवाह भएको कर्जाको अंश ९.६ प्रतिशत रहेको छ ।

## उद्योग

- आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनामा यस अध्ययनमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ४८.९ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा उक्त उद्योगहरुको औसत क्षमता उपयोग ५३.५ प्रतिशत रहेको थियो । विशेष गरी वनस्पती घिउ र तेल, तयारी कपडा, साबुन, जि.आई तार, चिनी, घरेलु धातुका सामान जस्ता वस्तुहरु उत्पादन गर्ने उद्योगको क्षमता उपयोगमा कमी आएकाले उद्योगको औसत क्षमता उपयोगमा केही कमी आएको देखिन्छ । कोभिड-१९ अवधिभर आयात प्रवावित भई आन्तरिक उत्पादन बढेतापनि कोभिड-१९ को प्रभाव न्यून भएसँगै आयातमा भएको सहजताले आन्तरिक उत्पादन प्रभावित हुन गई उद्योगको औसत क्षमता उपयोगमा कमी आएको देखिन्छ ।

- गत वर्षको पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा यस अध्ययनमा समेटिएका उद्योगहरुमध्ये इँटा उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ९३.५ प्रतिशत रहेको छ भने वनस्पती घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम ६.९ प्रतिशत रहेको छ ।
- गत वर्षको पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा यस अध्ययनमा समेटिएका औद्योगिक उत्पादनमध्ये भटमासको तेल उत्पादन सबैभन्दा बढी २१८.१ प्रतिशतले बढेको छ भने चिनीको उत्पादन सबैभन्दा बढी ६४.४ प्रतिशतले घटेको छ । वनस्पति घिउ उत्पादन गर्ने उद्योगहरु पामतेल तथा भटमासको तेल उत्पादनमा रुपान्तरण भएको तथा भारतीय बजारमा भटमासको तेलको माग अत्याधिक भएका कारण भटमासको तेल उत्पादन वृद्धि भएको देखिन्छ । उखु उत्पादन गर्ने समयमा बर्षा अत्याधिक भएकाले उखुको गुणस्तरमा कमी आई चिनी उत्पादन घटेको देखिन्छ ।
- २०७८ असार मसान्तको तुलनामा २०७८ पुसमसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ०.५ प्रतिशतले घटेर रु. १ खर्ब ४४ अर्ब भएको छ ।
- २०७८ पुस मसान्तसम्म यस प्रदेशका बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश २६.५ प्रतिशत रहेको छ ।

## सेवा

- आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा वाह्य पर्यटक आगमनको संख्या १२२.० प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा वाह्य पर्यटक आगमनको संख्या ७६.७ प्रतिशतले घटेको थियो । कोरोना महामारीको प्रभाव कम भएसँगै विदेशी पर्यटकलाई आकर्षित गर्नका लागि अनअराइभल भिसामा दिएको छुट तथा अन्य सुविधाका कारण पर्यटकको आगमनमा वृद्धि भएको देखिन्छ ।
- समीक्षा अवधीमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाका थप १०३ वटा शाखा विस्तार भएका छन् ।
- २०७८ असार मसान्तको तुलनामा २०७८ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले परिचालन गरेको निक्षेप १.४ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ५१ अर्ब पुगेको छ ।
- २०७८ असार मसान्तको तुलनामा २०७८ पुस मसान्तमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा १३.४ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ४५ अर्ब पुगेको छ ।
- २०७८ पुस मसान्तमा प्रदेश नं. १ को कर्जा निक्षेप-अनुपात १५५.२ प्रतिशत रहेको छ ।
- २०७८ असार मसान्तको तुलनामा २०७८ पुस मसान्तमा पुनरकर्जाको बक्यौता रु.४ अर्ब ८१ करोडले वृद्धि भई रु.१५ अर्ब १८ करोड पुगेको छ ।
- २०७८ पुस मसान्तसम्म यस प्रदेशका बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश सबैभन्दा बढी ६४.० प्रतिशत रहेको छ ।

## पूर्वाधार

- २०७७ पुस मसान्त देखि २०७८ पुस मसान्तसम्म यस प्रदेशमा राष्ट्रिय तथा सहायक राजमार्ग गरी थप ४५६.५ किलोमिटर सडक विस्तार भई कुल सडक सञ्जाल ६,२१२.२ किलोमिटर पुगेको छ ।
- समीक्षा अवधिमा कोशी करिडोर अन्तर्गतको ईनरुवा–बसन्तपूर–बानेश्वर–तुम्लिङटार २२० के.भी. प्रसारण लाइन आयोजना निर्माण सम्पन्न भएको छ ।

# परिच्छेद १: अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैङ्कले मूल्य स्थिति, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, कर्जा विस्तार तथा विदेशी विनिमय जस्ता विषयमा तथ्याङ्कको संकलन, प्रशोधन, अध्ययन तथा विश्लेषण गरी प्रतिवेदन प्रकाशित गर्दै आएको छ। यस क्रममा मुलुकको शासकीय स्वरुप संघीय संरचनामा रुपान्तरण भए पश्चात् केन्द्रीय बैंकको भूमिकालाई थप प्रभावकारी बनाई तथ्यमा आधारित नीति निर्माण गर्ने उद्देश्यले प्रदेशस्थित कार्यालयहरु मार्फत प्रदेशस्तरमा कृषि, उद्योग, सेवा, पूर्वाधार, रोजगारी तथा प्रदेश सरकारको वित्त स्थितिसँग सम्बन्धित तथ्याङ्क संकलन, प्रशोधन, अध्ययन र विश्लेषण गरी प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशित गर्दै आएको छ।

विगतमा यस कार्यालयले ९ वटा जिल्लाहरु समेटेर आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएकोमा मुलुक संघीय संरचनामा रुपान्तरण भए पश्चात् प्रदेश नं. १ का सबै १४ जिल्ला (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, सुनसरी, मोरङ, सोलुखुम्बु ओखलढुङ्गा, खोटाङ र उदयपुर) समेटेर आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको छ। आर्थिक वर्ष २०७८/७९ को प्रस्तुत प्रथम अर्ध-वार्षिक अध्ययन प्रतिवेदन **"आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६"** मा आधारित भएर तयार गरिएको छ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्।

१. आर्थिक वर्ष २०७८/७९ को प्रथम ६ महिनामा प्रदेश नं. १ को कृषि, उद्योग, सेवा, पूर्वाधार, रोजगारी तथा सरकारी वित्त लगायतका क्षेत्रहरुको यथार्थ अवस्था र अघिल्लो अवधिसँग तुलनात्मक अध्ययन तथा विश्लेषण गर्ने।

२. तथ्यमा आधारित आर्थिक नीति तर्जुमा गर्न आवश्यक भरपर्दो सूचना एवम् तथ्याङ्कको आधार तयार गर्न प्रदेश नं. १ को कृषि, उद्योग, सेवा, पूर्वाधार तथा रोजगार सम्बन्धी तथ्याङ्क संकलन गर्ने।

३. प्रदेश अर्थतन्त्रमा अन्तरनिहित सम्भावना तथा चुनौतीहरुको पहिचान तथा विश्लेषण गर्ने।

## १.३ अध्ययन विधि

प्रदेश अन्तर्गतका १४ जिल्ला मध्ये ८ वटा जिल्लाको स्थलगत भ्रमण तथा ६ वटा जिल्लाको गैरस्थलगत माध्यमबाट प्राप्त तथ्याङ्क तथा सूचनाको आधारमा यो अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पारिएको छ। कृषि सम्बन्धी तथ्याङ्क प्रदेश नं. १ सरकारको कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट संकलन गरिएको छ भने औद्योगिक उत्पादनसँग सम्बन्धित तथ्याङ्क नमूना छनौटमा परेका उद्योगबाट स्थलगत भ्रमण गरी संकलन गरिएको छ। त्यसैगरी, बैंकिङ्ग सम्बन्धी तथ्याङ्क बैंक तथा वित्तीय संस्था नियमन विभागबाट प्राप्त गरिएको छ। पर्यटनसँग सम्बन्धित तथ्याङ्क नमूना छनौटमा परेका होटलहरुबाट, घरजग्गा नक्शापाससम्बन्धी तथ्याङ्क नगरपालिकाबाट तथा घरजग्गाको कारोवार सम्बन्धी तथ्याङ्क मालपोत कार्यालयहरुबाट संकलन गरिएको छ। पूर्वाधारसँग सम्बन्धित तथ्याङ्क पूर्वाधार विकास आयोजना कार्यालयहरुबाट संकलन गरिएको छ। स्थानीय तह र अन्य निजी/सार्वजनिक निकायबाट द्वितीय तथ्याङ्क संकलन गरिएको छ भने संक्षिप्त अध्ययनका लागि सम्बन्धित संस्थाबाट

असंरचित प्रश्नावलीको प्रयोग गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ। तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, फ्याक्स, वेवसाइटतथा टेलिफोनलगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ।

## १.४ अध्ययनको सीमा

यस अध्ययनका सीमाहरु देहाय बमोजिम रहेका छन्।

- अर्ध-वार्षिक आर्थिक गतिविधिको लागि प्रदेश अर्न्तगतका सवै जिल्लाको स्थलगत भ्रमण गरी तथ्याङ्क संकलन गर्न नसकिएको।
- सम्बन्धित सरोकारवाला निकायमा कृषि, उद्योग, पर्यटन,पूर्वाधार, स्वास्थ्य एवम् शिक्षा लगायतका क्षेत्रसँग सम्बन्धित प्रारम्भिक तथ्याङ्कको समय सापेक्ष अद्यावधिक नभएका कारण प्रवृत्ति विश्लेषण गर्न नसकिएको।
- घरनक्सासँग सम्बन्धित तथ्याङ्क बाहेक प्रदेश नं. १ अन्तरगतका सवै स्थानीय तहबाट अन्य क्षेत्रको तथ्याङ्क प्राप्त गर्न नसकिएको।
- नमुना छनौटमा समावेश गरिएका उद्योग तथा प्रतिष्ठानहरुको सूचि अद्यावधिक नभएकोले थप भएका महत्वपूर्ण उद्योगको उत्पादनको परिमाण तथा क्षमता उपयोगको तथ्याङ्क प्राप्त गरी विश्लेषण गर्न नसकिएको।

## १.५ अध्ययनको ढाँचा

यस प्रतिवेदनमा ७ परिच्छेद रहेका छन्। परिच्छेद १ मा अध्ययनको परिचय, उद्देश्य, विधि तथा सीमाको बारेमा उल्लेख गरिएको छ। त्यसैगरी, परिच्छेद २ मा राष्ट्रियस्तरको आर्थिक स्थितिका साथै प्रादेशिक कृषि, उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थितिको विश्लेषण गरिएको छ। परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार क्षेत्रको विवरण समावेश गरिएको छ भने परिच्छेद ७ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ।

# परिच्छेद २: कृषि, उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति

केन्द्रीय तथ्याङ्क विभागले आर्थिक बर्ष २०७८/७९ को आठ महिनासम्मको तथ्याङ्कको आधारमा २०७९ बैशाखमा केन्द्रीय लेखा सम्बन्धी तथ्याङ्क प्रकाशित गरेको थियो । आर्थिक वर्ष २०७८/७९ को मध्यसम्म कोभिड १९ का कारण अर्थतन्त्र केहिहदसम्म प्रभावित भएतापनि वर्षको अन्त्यमा अर्थतन्त्रमा यसको प्रभाव नरहने र आर्थिक विकासका गतिविधिहरु निरन्तर रुपमा सुचारु भई अर्थतन्त्र चलायमान हुने अनुमानका आधारमा विभागले कृषि, उद्योग तथा सेवा क्षेत्रका परिसूचकहरु प्रकाशित गरेको हो ।

आर्थिक वर्ष २०७८/७९ को आर्थिक वृद्धिदर आधार मूल्यमा ५.४९ प्रतिशत र उपभोक्ताको मूल्यमा ५.८४ प्रतिशत हुने विभागको अनुमान रहेको छ । गत वर्षको सोही अवधिमा यस्तो वृद्धिदर क्रमशः ३.८३ र ४.२५ प्रतिशत रहेको थियो । त्यसैगरी, विभागले आर्थिक वर्ष २०७८/७९ मा कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर आधार मूल्यमा क्रमशः २.३० प्रतिशत, १०.१९ प्रतिशत र ५.९३ प्रतिशत रहने अनुमान गरेको छ ।

| तालिका २.१ : कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (आधार मूल्य) (प्रतिशत) | | |
|---|---|---|
| **क्षेत्र** | **२०७८[स]** | **२०७९[प्रा]** |
| कृषि | २.८५ | २.३० |
| उद्योग | ४.५१ | १०.१९ |
| सेवा | ४.१९ | ५.९३ |
| **आर्थिक वृद्धि** | **३.८३** | **५.४९** |
| **तालिका २.२ : कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान(प्रचलित मूल्य)(प्रतिशत)** | | |
| कृषि | २४.९ | २३.९ |
| उद्योग | १३.७ | १४.३ |
| सेवा | ६१.४ | ६१.८ |

स: संशोधित अनुमान; प्रा : प्रारम्भिक अनुमान,
स्रोत: केन्द्रीय तथ्याङ्क विभाग

आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको २३.९ प्रतिशत, उद्योग क्षेत्रको १४.३ प्रतिशत र सेवा क्षेत्रको ६१.८ प्रतिशत योगदान रहने विभागको अनुमान रहेको छ ।

मुख्य औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २३.९ प्रतिशत र गैर-कृषिक्षेत्रको योगदान ७६.१ प्रतिशत रहने अनुमान छ । त्यसैगरी, चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्र (Manufacturing) को योगदान ५.६ प्रतिशत, थोक तथा खुद्रा व्यापारको १६.४ प्रतिशत, घरजग्गा कारोवारको ८.८ प्रतिशत, शिक्षा क्षेत्रको ८.१ प्रतिशत, वित्तीय मध्यस्थताको ६.९ प्रतिशत र निर्माण क्षेत्रको ६.२ प्रतिशत योगदान रहने अनुमान छ ।

औद्योगिक वर्गीकरण अनुसार आर्थिक विकासका गतिविधिहरुको मापन गर्दा राष्ट्रियतहमा कृषि, वन तथा मत्स्यपालनको योगदान सबैभन्दा बढी रहेको छ भने थोक तथा खुद्रा व्यापार, घरजग्गा कारोवार सेवा र शिक्षा क्रमश दोस्रो, तेस्रो तथा चौथो स्थानमा रहेका छन् ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

### प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको स्थिति

केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७७/७८ मा प्रदेश नं. १ को आर्थिक वृद्धिदर ३.८८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा उक्त वृद्धिदर ५.०९ प्रतिशत रहने अनुमान छ । विभागका अनुसार आर्थिक बर्ष २०७८/७९ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु.७ खर्ब ६३ अर्ब हुने अनुमान गरेको छ, जुन राष्ट्रिय अर्थतन्त्रको १५.७ प्रतिशत हो । समीक्षा वर्षमा प्रदेश नं. १ को प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३३.१ प्रतिशत, १७.८ प्रतिशत र ४९.१ प्रतिशत रहने अनुमान छ । गत वर्षको सोही अवधिमा कृषि, उद्योग र सेवा क्षेत्रहरुको योगदान क्रमशः ३४.३ प्रतिशत, १७.० प्रतिशत र ४८.७ प्रतिशत रहेको थियो ।

| तालिका २.३ : प्रादेशिक कुल गार्हस्थ्य उत्पादन स्थिति | | | |
|---|---|---|---|
| **विवरण** | **२०७७** | **२०७८[स.]** | **२०७९[प्रा.]** |
| **कुल गार्हस्थ्य उत्पादन** *(प्रचलित मूल्य रु.अर्बमा)* | **६१४.७** | **६७५.६** | **७६३.७** |
| कृषि (प्रतिशत) | ३४.६ | ३४.३ | ३३.१ |
| उद्योग (प्रतिशत) | १६.८ | १७.० | १७.८ |
| सेवा (प्रतिशत) | ४८.६ | ४८.७ | ४९.१ |

स्रोत : केन्द्रिय तथ्याङ्क विभाग, प्रा: प्रारम्भिक अनुमान,
सं. संशोधित अनुमान

विभागका अनुसार औद्योगिक बर्गीकरणका आधारमा प्रादेशिक अर्थतन्त्रमा कृषि, वन तथा मत्स्य क्षेत्रको योगदान सबैभन्दा बढी ३३.१ प्रतिशत रहेको छ । त्यसैगरी, थोक तथा खुद्रा व्यापार क्षेत्रको हिस्सा १०.८ प्रतिशत, शिक्षा क्षेत्रको हिस्सा ८.० प्रतिशत, उद्योग क्षेत्र (Manufacturing) को हिस्सा ७.८ प्रतिशत, सार्वजनिक प्रशासन तथा रक्षा क्षेत्रको हिस्सा ७.४ प्रतिशत रहने अनुमान छ ।

**राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा**

आर्थिक वर्ष २०७८/७९ मा मुलुकको कृषि क्षेत्रको कुल उत्पादनमा प्रदेश नं. १ को हिस्सा २१.८ प्रतिशत रहेको छ भने उद्योग क्षेत्रको उत्पादनमा १९.६ प्रतिशत र सेवा क्षेत्रमा १२.५ प्रतिशत योगदान रहेको छ । गत वर्ष कृषि, उद्योग र सेवा क्षेत्रमा प्रदेश नं. १ को हिस्सा क्रमशः २१.७ प्रतिशत, १९.६ प्रतिशत र १२.५ प्रतिशत रहेको थियो ।

**तालिका २.४ : राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा प्रदेश नं. १ को हिस्सा (प्रतिशत)**

| विवरण | २०७७ | २०७८R | २०७९P |
|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको हिस्सा** | **१५.८** | **१५.८** | **१५.७** |
| कृषि क्षेत्र | २१.८ | २१.७ | २१.८ |
| उद्योग क्षेत्र | १९.४ | १९.६ | १९.६ |
| सेवा क्षेत्र | १२.६ | १२.५ | १२.५ |
| R: प्रारम्भिक अनुमान, P: संशोधित अनुमान | | | |

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग

## २.२ अन्तरप्रदेश तुलना

### कृषि, उद्योग तथा सेवाको स्थिति

मुलुकको कृषि क्षेत्रको समग्र उत्पादनमा प्रदेश नं. १ को योगदान सबैभन्दा बढी २१.८ प्रतिशत र कर्णाली प्रदेशको योगदान सबैभन्दा कम ५.४ प्रतिशत रहने विभागको अनुमान रहेको छ। त्यसैगरी, मुलुकको समग्र औद्योगिक उत्पादन तथा सेवा क्षेत्रमा मा प्रदेश नं. १ दोस्रो स्थानमा रहेको छ । औद्योगिक क्षेत्रको उत्पादनमा यस क्षेत्रको योगदान १९.६ प्रतिशत रहने अनुमान छ भने बागमती प्रदेशको योगदान सबैभन्दा बढी ३१.६ प्रतिशत र कर्णाली प्रदेशको योगदान सबैभन्दा कम ३.२ प्रतिशत रहने अनुमान छ । यसैगरी, मुलुकको कुल सेवा क्षेत्रमा प्रदेश नं. १ को योगदान १२.५ प्रतिशत रहने अनुमान छ भने बागमती प्रदेशको सबैभन्दा बढी ४५.९ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ३.८ प्रतिशत योगदान रहने अनुमान छ ।

**तालिका २.५: राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान (आ.व २०७८/७९)**

| क्षेत्र | प्रदेश १ | प्रदेश २ | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सूदुर पश्चिम |
|---|---|---|---|---|---|---|---|
| कृषि क्षेत्रमा योगदान (प्रतिशत) | २१.८ | १९.० | १७.१ | ९.६ | १७.३ | ५.४ | ९.८ |
| उद्योग क्षेत्रमा योगदान (प्रतिशत) | १९.६ | ११.२ | ३१.६ | ११.५ | १५.८ | ३.२ | ७.१ |
| सेवा क्षेत्रमा योगदान (प्रतिशत) | १२.५ | ११.५ | ४५.९ | ८.० | १२.५ | ३.८ | ५.९ |
| **कुल गार्हस्थ्य उत्पादनमा योगदान** | **१५.७** | **१३.३** | **३६.९** | **८.९** | **१४.१** | **४.१** | **७.०** |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

औद्योगिक बर्गीकरण अनुसार मुलुकको कुल कृषि क्षेत्रको उत्पादनमा प्रदेश नं. १ को कृषि क्षेत्रको योगदान अन्य प्रदेशको तुलनामा सबैभन्दा बढी रहेको छ भने खानी तथा उत्खनन्, वस्तु उत्पादन (Manufacturing), सार्वजनिक प्रशासन, वित्तीय मध्यस्थता, आवास तथा भोजन सेवा, थोक तथा खुद्रा सेवा, यातायात तथा भन्डारणको कुल मूल्य अभिवृद्धि( GVA)मा बाग्मत्ती प्रदेशको योगदान सबैभन्दा बढी रहेको छ । मुलुककै कुल गार्हस्थ्य उत्पादनमा कृषि बाहेकका अन्य सबै क्षेत्रहरुमा बागमती प्रदेशको योगदान सबैभन्दा बढी रहेको छ । तीव्र शहरीकरण, बढ्दो जनसंख्या, ठुला र अधिक व्यापारिक कारोबार हुने भएकोले विशेषगरी थोक तथा खुद्रा व्यापार क्षेत्र र घरजग्गा कारोवारको क्षेत्रमा बागमती

प्रदेशको हिस्सा उल्लेखनीय रहेको छ । गण्डकी प्रदेशमा जलविद्युत उत्पादन बढी हुने भएकाले मुलुकको कुल विद्युत उत्पादनमा अन्यप्रदेशको तुलनामा विद्युत, ग्याँस, वाष्प तथा वातानुकिलत आपूर्ति सेवाको हिस्सा सबैभन्दा बढी २६.१ प्रतिशत रहेको छ । त्यसगरी, मुलुकको कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेश अन्तर्गतका विविध क्षेत्रहरुमध्ये निर्माण क्षेत्रको हिस्सा सबैभन्दा बढी २०.३ प्रतिशत रहेको छ भने कर्णाली र सुदुर पश्चिम प्रदेशका सबैक्षेत्रहरुको योगदान करिव समान नै रहेको छ ।

### प्रदेशगत आर्थिक वृद्धि


प्रदेशगत रुपमा बागमती प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ६.४४ प्रतिशत रहेको अनुमान छ भने मधेश प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा कम ४.४८ प्रतिशत रहेको अनुमान छ । गत वर्षको सोही अवधिमा बागमती प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ४.०५ प्रतिशत रहेको थियो भने मधेश प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा कम ३.३६ प्रतिशत रहेको थियो ।

### प्रादेशिक जनसंख्याको स्थिति

हिमाल, पहाड र तराईसम्म फैलिएको प्रदेश नं. १ मा झापा, इलाम, पाँचथर, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, खोटाङ, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुङ्गा र उदयपुर गरी जम्मा १४ वटा जिल्ला पर्दछन् । यस प्रदेशको पूर्वतर्फ भारतको सिक्किम, पश्चिम बङ्गाल राज्य र दक्षिणतर्फ बिहार राज्य पर्दछन् । यसैगरी, उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बत र पश्चिमतर्फ प्रदेश नं. २ र प्रदेश नं. ३ पर्दछन् । यस प्रदेशको कुल क्षेत्रफल २५,९०५ वर्ग कि. मि. रहेको छ भने २०७८ को बाह्रौं जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार कुल जनसंख्या ४९,७२,०२१ रहेको छ ।

२०७८ सालको जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार नेपालको कुल जनसंख्याको १७.०३ प्रतिशत हिस्सा रहेको यस प्रदेशको वार्षिक जनसंख्या वृद्धिदर ०.८८ प्रतिशत रहेको छ । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार प्रदेश नं. १ को जनघनत्व १९२ जना प्रतिवर्ग कि.मि.रहेको छ जुन राष्ट्रिय जनगणना २०६८ मा १७६ जना प्रति वर्ग कि.मि. रहेको थियो । त्यस्तै प्रति परिवार औषत सदस्य संख्या ४.१३ जना रहेको छ भने २०६८ को जनगणनामा प्रति परिवार सदस्य औसत संख्या ४.५७ जना रहेको थियो । प्रदेश नं. १ को जनसंख्यामा पुरुषको संख्या २४,२५,२६६ जना र महिलाको संख्या २५,४६,७५५ जना रहेको छ भने लैगिंक अनुपात ९५.२३ प्रतिशत रहेको छ ।


**चार्ट २.१ : प्रदेशगत जनसंख्याको वितरण**




स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई शहरी क्षेत्र तथा गाँउपालिकालाई ग्रामीण क्षेत्र मान्दा प्रदेश नं. १ मा शहरी क्षेत्र तथा ग्रामीण क्षेत्रमा बसोबास गर्नेको जनसंख्या क्रमशः ६२.३२ प्रतिशत र ३७.६८ प्रतिशत रहेको छ । प्रदेश नं. १ का १४ जिल्लाहरुमध्ये मोरङ्गमा सबैभन्दा बढी ११,४७,१८६ जना र तेह्रथुममा सबैभन्दा कम ८९,१२५ जना जनसंख्या रहेको छ । त्यसैगरी, प्रदेश नं. १ अन्तर्गतका जिल्लाहरुमध्ये सुनसरी जिल्लाको जनसंख्या सबैभन्दा धेरै १.९४ प्रतिशतले बढेको छ भने खोटाङ जिल्लाको जनसंख्या सबैभन्दा धेरै १.५६ प्रतिशतले घटेको छ ।

### चार्ट २.२ : प्रदेश नं. १ को जिल्लागत जनसंख्या तथा वृद्धिदरको अवस्था




स्रोत : केन्दीय तथ्याङ्क विभाग

### जनसंख्याको अन्तरप्रदेश तुलना

प्रदेशगत रुपमा मधेश प्रदेशको जनसंख्या सबैभन्दा धेरै ६१,२६,२८८ जना र कर्णाली प्रदेशको जनसंख्या सबैभन्दा कम १६,९४,८८९ जना रहेको छ । जनसंख्याको आकारको हिसावले प्रदेश नं. १ चौथो स्थानमा रहेको छ ।

प्रदेशगत रुपमा मधेश प्रदेशको जनघनत्व सबैभन्दा बढी प्रति वर्ग कि.मि ६३६ जना .रहेको छ भने कर्णाली प्रदेशको जनघनत्वसबैभन्दा कम प्रति वर्ग कि.मि ६१ जना रहेको छ । जनघनत्वको हिसावले प्रदेश नं. १ चौथो स्थानमा रहेको छ ।

प्रदेशगत आधारमा शहरी क्षेत्रमा बसोबास गर्ने जनसंख्या बागमती प्रदेशमा सबैभन्दा बढी ४७,०६,६२३ जना र कर्णाली प्रदेशमा सबैभन्दा कम ८,८२,९७६ जना रहेको छ । त्यसैगरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनसंख्या लुम्बिनी प्रदेशमा सबैभन्दा बढी २३,०३,७२८ जना र कर्णाली प्रदेशमा सबैभन्दा कम ८,११,९१३ जना रहेको छ ।

परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोबास गर्ने) जनसंख्या लुम्बिनी प्रदेशमा सबैभन्दा बढी ४,१५,५८८ जना र कर्णाली प्रदेशमा सबैभन्दा कम ९५,०३५ जना रहेको छ । यस्तो संख्या प्रदेश नं. १ मा ३,३७,९०५ जना रहेको छ जुन संख्या कुल परिवारमा अनुपस्थित जनसंख्याको १५.५८ प्रतिशत रहेको छ ।

## २.३ प्रादेशिक क्षमता, सम्भावना र चुनौती

### प्रादेशिक क्षमता तथा सम्भावना

- यस प्रदेशमा अरुण, तमोर, दूधकोशी, मेची, कन्काई, त्रियुगा जस्ता वर्षैभरि जल प्रवाह हुने नदीहरु रहेकाले सिँचाइको विकास, जलविद्युत उत्पादन,जलयातायात सञ्चालन तथा गुणस्तरीय खानेपानी (Mineral Water) को उत्पादन गरी निर्यात गर्न सकिने पर्याप्त सम्भावना रहेको छ ।
- समग्र मुलुकको कृषि उत्पादनमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी २१.८ प्रतिशत रहेको तथ्यले आधुनिक प्रविधिको प्रयोग, लगानीको विस्तार तथा पूर्वाधार विकासको माध्यमबाट कृषि क्षेत्रको व्यावसायिकरण गरी कृषिजन्य उत्पादनको आयात प्रतिस्थापन गर्न सकिने साथै आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा महत्वपूर्ण योगदान पुग्ने देखिन्छ ।
- यस प्रदेशको भौगोलिक तथा जलवायु विविधता, जैविक विविधता, सामाजिक, धार्मिक तथा साँस्कृतिक विविधता, मनोरञ्जनको सम्भाव्यता, दुई छिमेकी राष्ट्र भारत र चीनसँगको सामिप्यताबाट लाभ हासिल गर्न पर्यटन पूर्वाधारमा लगानी गरी पर्यटन क्षेत्रलाई विप्रेषण पछिको दोस्रो विदेशी मुद्रा आर्जन गर्ने दिगो बैकल्पिक स्रोतको रुपमा विकास गर्न सकिने देखिन्छ ।
- यस प्रदेशको भारत र चीन दुवै देशसँग सीमाना जोडिनुको साथै यस प्रदेशमा रहेका कोशी तथा मेची राजमार्गले दुबै छिमेकी मुलुकसम्मको पहुँच सहज बनाएकोले उद्योग तथा कलकारखानाहरु स्थापना गर्न विदेशी लगानी आकर्षित गर्न सके उत्पादित वस्तु तथा सेवा निकासी गर्न तुलनात्मक रुपमा सहज रहेको छ ।
- त्यसैगरी, मध्यपहाडी लोकमार्ग तथा लोकमार्गसम्म जोड्ने सहायक मार्गहरुको तीव्र निर्माण तथा विस्तारको कारण ग्रामीण क्षेत्रका उत्पादनको लागि आन्तरिक तथा बाह्य बजार सुनिश्चित हुँदै गएकोले कृषिजन्य तथा औद्योगिक उत्पादनको आन्तरिक तथा निर्यात व्यापार विस्तारको प्रचुर सम्भावना रहेको छ ।
- मुलुककै औद्योगिक क्षेत्रको उत्पादनमा प्रदेश नं.१ को उद्योग क्षेत्रको योगदान दोस्रो स्थानमा रहेको सन्दर्भमा सुनसरी-मोरङ करिडोरमा भएका उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन गर्न सकेमा औद्योगिक उत्पादनले निर्यात व्यापार प्रवर्द्धन तथा आयात प्रतिस्थापनमा उल्लेखनीय योगदान पुऱ्याउन सक्ने देखिन्छ ।

### चुनौती

प्रदेशले समृद्धि हासिल गर्न सक्ने उल्लिखित क्षमता तथा सम्भावनाको यथार्थपरक रुपान्तरणमा निम्नानुसारका चुनौतीहरु रहेका छन ।

- संघ, प्रदेश र स्थानीय सरकारका लक्ष्य र प्राथमिकताका बीचमा तादात्म्यता मिलाई स्रोत र साधनको प्रभावकारी वितरण तथा परिचालन गर्नु ।
- आन्तरिक लगानी क्षमता सीमित रहेको सन्दर्भमा प्रदेशको समृद्धि र विकासको लागि स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नु ।
- आवधिक योजनाले निर्दिष्ट गरेका आर्थिक विकासको रणनीतिक लक्ष्य अनुरुप हुने गरी वार्षिक वजेटमा पर्याप्त रकम विनियोजन सहित क्षेत्रगत प्राथमिकतालाई निरन्तरता प्रदान गरी आवधिक योजनाको लक्ष्य हासिल गर्नु ।
- प्रदेशभित्र उच्च तुलनात्मक लाभ भएका वस्तु तथा सेवाको उत्पादन र व्यवसायको प्रवर्द्धन गरी दुई ठुला छिमेकी देशको बजारबाट लाभ लिन सक्ने वातावरण वनाउनु ।


- यस प्रदेशका तुलनात्मक लाभ हुन सक्ने कृषि, पर्यटन, जलविद्युत आदि क्षेत्रको पहिचान, विकास तथा प्रवर्द्धन गरी दुई ठुला छिमेकी देशको बजारबाट लाभ लिन सक्ने वातावरण बनाउनु ।
- विकट भौगालिक अवस्थाको बावजुद वित्तीय पहुँचको विस्तार गर्ने तथा वित्तीय सचेतनाको माध्यमबाट वित्तीय समावेशिता बढाई उपलब्ध वित्तीय उपकरणको उपयोग बढाउनु ।
- कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रसँग सम्बन्धित तथ्याङ्क प्रदायक निकाय, प्रतिष्ठान तथा संघ-संस्थाहरुमा सम्बन्धित सूचना तथा तथ्याङ्कको व्यवस्थित अभिलेख नहुँदा प्राप्त तथ्याङ्क, सूचना तथा विवरण पूर्णरुपमा भरोसायोग्य बनाई तथ्यमा आधारित दिगो नीति निर्माण गर्नु ।

# परिच्छेद ३: कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा यस प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल १.२ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ०.४ प्रतिशतले बढेको थियो।

**चार्ट ३.१ : प्रमुख कृषि उपजले ढाकेको भू-क्षेत्रको अवस्था**




स्रोतः अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र

### ३.१.१ खाद्य तथा अन्य बाली

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल १.८ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ०.३ प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा धान बालीले ढाकेको क्षेत्रफल २.९ प्रतिशतले घटेको छ भने मकै बालीले ढाकेको क्षेत्रफल १.९ प्रतिशत र कोदो बालीले ढाकेको क्षेत्रफले १.४ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा धान बालीले ढाकेको क्षेत्रफल ०.५ प्रतिशतले घटेको थियो भने मकै बालीले ढाकेको क्षेत्रफल ०.९ प्रतिशत र कोदो बालीले ढाकेको क्षेत्रफल ४.३ प्रतिशतले बढेको थियो।

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा प्रमुख खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये धान बालीको अंश सबैभन्दा बढी ३९.८ प्रतिशत रहेको छ भने मकै बालीको अंश ३४.४ प्रतिशत र कोदो बालीको अंश ८.१ प्रतिशत रहेको छ। समीक्षा अवधिमा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये झापा जिल्लामा सबैभन्दा बढी १९.१ प्रतिशत रसोलुखुम्बु जिल्लामा सबैभन्दा कम २.६ प्रतिशत रहेको छ।

### ३.१.२ तरकारी

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल ९.८ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा २.२ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा यस प्रदेशमा तरकारी बालीले ढाकेको क्षेत्रफलमध्ये मोरङ जिल्लामा सबैभन्दा बढी २१.७ प्रतिशत र सोलुखुम्बु जिल्लामा सबैभन्दा कम ०.५ प्रतिशत रहेको छ।


### ३.१.३ फलफूल तथा मसला

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल ०.१ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा उक्त क्षेत्रफल ३.७ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा यस प्रदेशमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमध्ये झापा जिल्लामा सबैभन्दा बढी २७.८ प्रतिशत र ओखलढुङ्गा जिल्लामा सबैभन्दा कम ०.७ प्रतिशत रहेको छ ।

## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन ४.१ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा उक्त बालीहरुको उत्पादन ५.१ प्रतिशतले बढेको थियो ।

**चार्ट ३.२ : प्रमुख कृषि बालीको उत्पादन अवस्था**




स्रोतः अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र

### ३.२.१ खाद्य तथा अन्य बाली

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन ४.० प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा उक्त बालीहरुको उत्पादन ५.९ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा धान र कोदोको उत्पादन क्रमशः २.० प्रतिशत र १७.२ प्रतिशतले घटेको छ भने मकै उत्पादन २३.८ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा धान उत्पादन १०.५ प्रतिशत, मकै उत्पादन ११.९ प्रतिशत र कोदो उत्पादन ३०.६ प्रतिशतले बढेको थियो । अधिक मकै उत्पादन हुन क्षेत्रमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत जोन तथा ब्लकहरु थप भएकाले उत्पादनमा वृद्धि भएको देखिन्छ ।

**तालिकाः ३.१ बालीले ढाकेको क्षेत्रफलको अंश, कुल उत्पादनमा योगदान र उत्पादकत्व**

| बाली | उत्पादनमा योगदान | ढाकेको क्षेत्रफलको अंश | उत्पादकत्व |
|---|---|---|---|
| धान | ३८.० | ३९.८ | ३.९ |
| मकै | २७.७ | ३४.४ | ३.१ |
| कोदो | २.८ | ८.१ | १.४ |
| आलु | १८.२ | ६.५ | ११.२ |
| अन्य | १३.३ | ११.३ | ०.१ |
| कुल | १००.० | १००.० | |

स्रोतः कृषि ज्ञान केन्द्र

समीक्षा अवधिमा यस प्रदेशमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादनमध्ये धान उत्पादनको अंश सबैभन्दा बढी ३८.० प्रतिशत, मकै उत्पादनको अंश २७.७ प्रतिशत र कोदो उत्पादनको अंश २.८ प्रतिशत रहेको छ। समीक्षा अवधिमा खाद्य

तथा अन्य बालीको उत्पादनमा जिल्लागत योगदानको आधारमा झापा जिल्लाको सबैभन्दा बढी २५.४ प्रतिशत रसोलुखुम्बु जिल्लाको सबैभन्दा कम १.७ प्रतिशत योगदान रहेको छ ।

### ३.२.२ तरकारी

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा तरकारी बालीको उत्पादन ५.९ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ४.० प्रतिशत बढेको थियो । समीक्षा अवधिमा तरकारी तथा बागवानीसँग सम्बन्धित उत्पादनमा जिल्लागत रुपमा झापा जिल्लाको सबैभन्दा बढी २७.१ प्रतिशत र खोटाङ जिल्लाको सबैभन्दा कम ०.६ प्रतिशत योगदान रहेको छ ।

### ३.२.३ फलफूल तथा मसला

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा फलफूल तथा मसलाको उत्पादन २.१ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ०.४ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा फलफूल तथा मसलासँग सम्बन्धित उत्पादनमा जिल्लागत रुपमा झापा जिल्लाको सबैभन्दा बढी ३४.४ प्रतिशत र ओखलढुङ्गा जिल्लाको सबैभन्दा कम ०.५ प्रतिशत योगदान रहेको छ ।

### ३.२.४ मह उत्पादन

आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनामा प्रदेश नं. १ मा १०.२ मेट्रिक टन मह उत्पादन भएको छ । गत बर्षको सोही अवधिमा यस्तो उत्पादन १०.० मेट्रिक टन रहेको थियो । समीक्षा अवधिमा मह उत्पादनमा जिल्लागत आधारमा उदयपुर जिल्लाको सबैभन्दा बढी ६५.४३ प्रतिशत योगदान रहेको देखिन्छ ।

उदयपुर जिल्लामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सहयोगमा पकेट विकास कार्यक्रम अन्तर्गत परियोजना कार्यान्वयन इकाइले युवा लक्षित मौरी तथा घार वितरण गरेकाले महको उत्पादन अन्य जिल्लाको तुलनामा उदयपुर जिल्लामा बढी रहेको देखिन्छ ।

## ३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

### ३.३.१ पशुजन्य उत्पादन

गत वर्षको पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा दूधको उत्पादन १.९ प्रतिशत, अण्डाको उत्पादन ३.५ प्रतिशत र मासुको उत्पादन १.० प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा दूधको उत्पादन १.७ प्रतिशत, अण्डाको उत्पादन ४.६ प्रतिशत र मासुको उत्पादन १.४ प्रतिशतले वृद्धि भएको थियो ।

**तालिका ३.२: माछा र पशुजन्य उत्पादनको अवस्था**

| उत्पादन | २०७७ पुसमसान्त | २०७८ पुसमसान्त |
|---|---|---|
| माछा (मे.ट) | ५,१८२.६ | ५,५६४.६ |
| मासु (मे.ट) | ५७,१११.६ | ५७६९७.३ |
| अण्डा (लाख) | ११९३.९ | १२३५.७ |

स्रोत : विभिन्न जिल्लाका कृषि ज्ञान केन्द्र

समीक्षा अवधिमा दूध उत्पादनमा मोरङ जिल्लाको अंश सबैभन्दा बढी २८.९ प्रतिशत रहेको छ भने ओखलढुङ्गा जिल्लाको अंश सबैभन्दा कम ०.३४ प्रतिशत रहेको छ । समीक्षा वर्षमा मासु उत्पादनमा मोरङ्ग जिल्लाको अंश सबैभन्दा बढी २१.० प्रतिशत रहेको छ भने ताप्लेजुङ जिल्लाको अंश सबैभन्दा कम १.८ प्रतिशत रहेको छ ।

### ३.३.२ माछा उत्पादन

समीक्षा अवधिमा प्रदेश नं. १ मा ५,५६४.६ मे.ट माछा उत्पादन भएको छ जुन गत वर्षको पहिलो ६ महिनाको तुलनामा ७.४ प्रतिशतले बढी हो । गत वर्षको सोही अवधिमा माछाको उत्पादन १०.८ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा समग्र माछा उत्पादनमा मोरङ जिल्लाको योगदान सबैभन्दा बढी ४६.९ प्रतिशत रहेको छ । यस प्रदेशमा भेटनरी


अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले पोखरी निर्माण, माछाका भुरा उत्पादन तथा वितरणमा अनुदान तथा प्राविधिक सहायता समेत प्रदान गर्ने गरेकोले माछा उत्पादन वृद्धि भएको देखिन्छ ।

### ३.३.३ वनजन्य उत्पादन

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा काठ उत्पादन २७.२ प्रतिशतले वृद्धि भएको छ। समीक्षा अवधिमा दाउरा उत्पादन ११.२ प्रतिशतले घटेको छ भने औषधिजन्य उत्पादन ८५.८ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा काठ र दाउराको उत्पादन क्रमशः १५.१ प्रतिशत र ४८.९ प्रतिशतले वृद्धि भएको थियो भने औषधिजन्य वस्तुको उत्पादन ७.५ प्रतिशतले घटेको थियो ।

समीक्षा अवधिमा प्रदेश नं. १ का डिभिजन वन कार्यालयहरुले निजी वनको काठ कटानका लागि स्वीकृति दिएको,ग्रामीण इलाकामा सडक सञ्जाल विस्तारका क्रममा रुख कटान गर्नुपर्ने तथा ग्रामीण इलाकासम्म सडक सुविधाको पहुँच पुगेकाले काठ उत्पादन बढेको देखिन्छ ।

**चार्ट ३.३ : काठ उत्पादनको जिल्लागत अवस्था**




स्रोतः डिभिजन वन कार्यालय


## ३.४ सिँचाइ तथा मौसम

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा प्रदेश नं. १ मा कुल सिञ्चित क्षेत्रफल १.० प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १.८ प्रतिशतले बढेको थियो ।

त्यसैगरी, आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ३७.१ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो सुविधा पुगेको क्षेत्रफल ३६.५ प्रतिशत रहेको थियो ।

समीक्षा अवधिमा कुल खेतीयोग्य क्षेत्रफलमध्ये सुनसरी जिल्लामा सबैभन्दा बढी ८२.४ प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुगेको छ भने सोलुखुम्बु जिल्लामा सबैभन्दा कम ०.६ प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुगेको छ ।

**चार्ट ३.४ सिंचित क्षेत्रफल, खेतीयोग्य क्षेत्रफल र खेती गरिएको क्षेत्रफलको स्थिती (पुस मसान्त)**





स्रोत : कृषि ज्ञान केन्द्र, जलस्रोत तथा सिचाई डिभिजन कार्यालय

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा कुल सिञ्चित क्षेत्रफलमध्ये कुलोबाट सिञ्चित क्षेत्रफल १.७ प्रतिशत, पोखरीबाट १.७ प्रतिशत, नहरबाट ०.४ प्रतिशत र बोरिङ्गबाट ०.५ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा कुलोबाट सिञ्चित क्षेत्रफल २.७ प्रतिशत, नहरबाट १.१ प्रतिशत, पोखरीबाट २.६ प्रतिशत र बोरिङ्गबाट ०.८ प्रतिशतले वृद्धि भएको थियो ।

समीक्षा अवधिमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफलमा कुलो, नहर, बोरिङ्ग तथा पोखरीको योगदान क्रमशः ४१.७ प्रतिशत, ३९.३ प्रतिशत, १५.१ प्रतिशत र ३.८ प्रतिशत रहेको छ ।

**चार्ट ३.५ : प्रदेश नं. १ मा सिँचाइका स्रोतको अवस्था**





स्रोत: अध्ययन क्षेत्रका जलस्रोत तथा सिचाई डिभिजन कार्यालय ।

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०७८ असार मसान्तको तुलनामा २०७८ पुष मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट प्रदेश नं. १ को कृषि क्षेत्रमा प्रवाहित कर्जा १२.६ प्रतिशतले वृद्धि भई रु.५२ अर्ब ११ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा २३.३ प्रतिशतले बढेको थियो। २०७८ असार मसान्तसम्म यस क्षेत्रमा प्रवाह भएको कुल कर्जा रु.४६ अर्ब २९ करोड रहेको थियो। समीक्षा अवधिमा कुल कर्जा प्रवाहमा कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश ९.६ प्रतिशत रहेको छ। २०७८ असार मसान्तमा यस्तो कर्जाको अंश ९.८ प्रतिशत रहेको थियो।

२०७८ पुस मसान्तसम्म कृषि कर्जाका विभिन्न शीर्षकहरुमा प्रवाहित कर्जा मध्ये अन्य कृषि तथा कृषिजन्य सेवामा प्रवाहित कर्जाको अंश सबैभन्दा बढी २९.६ प्रतिशत रहेको छ। यसैगरी, समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रसँग सम्बन्धित शीर्षकहरुमा जिल्लागतरुपमा प्रवाहित कर्जामध्ये मोरङ जिल्लामा सबैभन्दा बढी ३२.३ प्रतिशत र ताप्लेजुङ्ग जिल्लामा सबैभन्दा कम १.२ प्रतिशत रहेको छ।

**चार्ट ३.६ : क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था**




स्रोत : नेपाल राष्ट्र बैंक

## ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना

**चुनौती**

**कृषि बाली**

- खुला सिमानाको कारण कृषिजन्य उपजहरुको अत्याधिक चोरी पैठारी हुने हुँदा उत्पादित कृषि उपजहरुको न्यूनतम समर्थन मूल्य तोक्नु र सोको कार्यान्वयन गर्नु।

- कृषकहरुलाई बाली लगाउने समयमा सुलभ मूल्यमा रासायनिक मल उपलब्ध गराउन नसकेको सन्दर्भमा विगत लामो समय देखिको मल आयातकर्ताहरुको सिण्डिकेट/सञ्जाल तोडने कार्य ।
- कतिपय कृषि उपज तथा तरकारीको उत्पादनदेखि अन्तिम उपभोक्तासम्म हाल कायम रहेको मध्यस्थकर्ताहरुको तहगत श्रृङ्खला तोडी कृषकहरुलाई उत्पादित कृषि उपजको उचित मूल्य दिलाउने ।
- हाल कार्यान्वयनमा रहेको नेपाल व्यापार एकीकृत रणनीति–२०१६ ले पहिचान गरेका तुलनात्मक लाभ भएका कृषि उपजमध्ये यस प्रदेशमा उत्पादन हुने उच्च मूल्यका कृषि उपजको पहिचान, उत्पादन, विविधीकरण र बजारीकरण गर्नु ।
- शीत भण्डारको निर्माण तथा उपलब्ध शीतभण्डारको पूर्णक्षमतामा उपयोग हुने मात्रामा मौसमी तरकारी र फलफूलहरुको उत्पादन तथा बजारीकरण गर्ने कार्य ।
- परम्परागत प्रविधिमा आधारित हालको खेतीप्रणालीलाई आधुनिक कृषि औजार/उपकरण, उन्नत मल, बीउ आदिको प्रयोग गर्न सकिने गरी सुधार गर्ने ।
- रासायनिक मलको अधिक प्रयोगबाट माटोको उर्वराशक्तिलाई दीर्घकालिन रुपमा क्षय हुन नदिन प्राङगारिक मलको उत्पादन तथा प्रयोग बढाउनु ।
- माटोको गुणस्तर/उर्वराशक्ति परीक्षण गरी उपयुक्त बाली छनौट साथै बीउबीजन तथा उत्पादनको परीक्षण गर्ने प्रयोगशाला प्रत्येक स्थानीयतहसम्म विस्तार गर्ने ।

**पशुपंक्षी तथा मत्स्यपालन**

- मानव स्वास्थ्यका दृष्टिकोणले स्वस्थ्यकर तथा विभिन्न रोग र महामारीबाट जोगिन सक्ने क्षमता भएका स्थानीय रैथाने जातका बाली संरक्षण गर्ने तथा पशुजन्य उत्पादनलाई बढवा दिई उत्पादकत्व वृद्धि गर्नु ।
- संघीय, प्रदेश तथा स्थानीयतहका विभिन्न निकायमा छरिएर रहेका कृषि सम्बन्धी दक्ष प्राविधिक जनशक्तिले प्रदान गर्ने सेवा स्थानीय कृषकको पहुँचसम्म पुर्‍याउने ।

**सिँचाइ**

- कठिन भूबनौट अनुकुल सिँचाइ पूर्वाधारको विकास गरी हालको मौसमी निर्भरता अन्त्य गर्नु ।
- बढ्दो शहरीकरणको कारण भईरहेको खेतीयोग्य जमिनको खण्डीकरण रोक्ने तथा बाँझो रहेको खेतीयोग्य जमिनको व्यावसायिक कृषि प्रयोजनमा उपयोग गर्ने नीतिगत व्यवस्थाको व्यावहारिक कार्यान्वय गर्नु ।

**अन्य**

- सहुलियतपूर्ण कृषि तथा पशुपन्छी कर्जामा लक्षित वर्गको पहुँच सुनिश्चित गर्ने ।
- हाल उपलब्ध श्रमशक्तिलाई व्यवसायिक कृषि पेशा अँगाल्न आकर्षित गर्ने तथा हाल कृषि पेशा नै अपनाएको श्रमशक्तिलाई व्यवसायिक कृषकमा रुपान्तरण गरी टिकाई राख्नु ।
- कृषकमैत्री बाली तथा पशु वीमा सेवा सम्बन्धी नीति तर्जुमा गरी सोको प्रभावकारी कार्यान्वयन गर्नु ।

**सम्भावना**

**कृषि बाली**

- संघीय सरकारबाट सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना एवम् प्रदेश नं. १ सरकारबाट सञ्चालित प्रदेश प्रमुख नवप्रवर्तन कृषि कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन सके यस प्रदेशमा कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण तथा व्यवसायीकरण भई उत्पादन तथा उत्पादकत्व वृद्धि हुने देखिन्छ ।

- संघ, प्रदेश एवं स्थानीय तहबाट सञ्चालन हुने कृषि सम्बन्धी प्रविधिक तालीम तथा अन्य प्रवर्द्धनात्मक कार्यक्रमले कृषकहरुको पेशाप्रतिको आत्माविश्वास बढ्नुका साथै कृषि व्यवसायप्रति सर्वसाधारणको आकर्षण बढ्ने देखिन्छ ।

- रासायानिक मलको अवैज्ञानिक प्रयोगले माटोको उर्वराशक्तिमा ह्रास ल्याउने भएकोले कृषि बाली अनुसारको मल उत्पादन गर्ने Chemical Fertilizer Mixing Factory स्थापना गर्न सकेमा माटोको उर्वराशक्ति बचाउन सकिने ।

- पहाडी क्षेत्रका बाँझो जमिनमा हर्रो, बर्रो, अमला, बेल तथा रिट्ठा जस्ता वनजन्य उत्पादनको व्यावसायिक खेती गरी आयुर्वेदिक औषधिका लागि कच्चा पदार्थ उत्पादन गरी औषधिजन्य कच्चा पदार्थको आन्तरिक उत्पादन बढाउन सकिने ।

- कोदो, फापर तथा मकैको पिठो, जौ तथा मकैको सातु, वेसार, अलैची, गेडागुडीको दाल, घिउ, सिस्नोको धुलो, कफी, तरकारी, फलफूल, खसीबोका र लोकल कुखुरा जस्ता अर्गानिक कृषिजन्य उपजको आन्तरिक तथा संसारका विभिन्न मुलुकमा वसोवास गर्ने नेपालीको समेत अत्यधिक माग रहेकोले यस प्रदेशको मध्य पहाडी क्षेत्रलाई उक्त उपजहरुको उत्पादन हबको रुपमा विकास गर्न सकिने ।

- नेपाल व्यापार एकीकृत रणनीति–२०१६ ले पहिचान गरेका तुलनात्मक लाभ भएका कृषि उपजबाहेक यस प्रदेश अन्तर्गत रहेका १४ जिल्लामा उत्पादन हुने कृषि तथा फलफुलजन्य उपजको जिल्लागत रुपमा तुलनात्मक लाभको अध्ययन गरी सोही अनुसार पकेट क्षेत्र तोकी निर्यातयोग्य कृषि तथा फलफुलजन्य उपजको उत्पादन वृद्धि गर्न सकिने । जस्तैः किवी, वेल, एभोकाडो, सुन्तला, कागती (भोजपुर), रुद्राक्ष, ड्रागनफ्रुट, सुपारी, प्राकृतिक रबर आदि ।

- विश्व बजारमा अर्गानिक हरियो चिया (Green Tea) को माग अत्यधिक रहेको सन्दर्भमा हरियो चियाको नेपाली ब्राण्ड स्थापना गरी तेस्रो मुलुकमा निर्यात गर्न सकेमा चिया खेती विस्तार भई व्यापार सन्तुलनमा टेवा पुग्ने ।

- पूर्व-पश्चिम लोकमार्ग र हुलाकी मार्गको स्तरोन्नति, मध्य पहाडी लोकमार्ग, तराई–पहाड जोड्ने मार्गका साथै मुख्य राजमार्गसँग जोडने अन्य सहायक मार्गहरुको तीव्र गतिमा भइरहेको निर्माणले सडक सञ्जालको विस्तार भई यस प्रदेशमा उत्पादन भएका कृषिजन्य उपज तथा तरकारी छिमेकी मुलुकमा निर्यात गर्न सकिने सम्भावना रहेको छ । यसबाट दैनिक आवश्यक कृषिजन्य वस्तुहरुको सहज आपूर्ति हनुका साथै कृषि उपजको उचित बजार मूल्य कायम भई एकातिर किसानलाई उचित मूल्य प्राप्त हुने र अर्कोतिर निकट सीमावर्ती भारतीय बजारहरुबाट हुने तरकारी आयात प्रतिस्थापन हुने ।

- कृषि, फलफूल तथा जडिबुटीजन्य कच्चा पदार्थमा आधारित उद्योगहरुको विकास र विस्तार गर्न उद्योग-कृषक करार खेती सञ्चालन गर्न आवश्यक नीतिगत व्यवस्था (Industry Peasant Contractual Farming Policy) गर्न सके कृषिजन्य कच्चा पदार्थमा आत्मनिर्भर भई लागतलाभ हाँसिल हुने तथा कृषिको व्यवसायीकरणमा टेवा पुग्ने ।

**पशुपंक्षी तथा मत्स्यपालन**

- व्यावसायिक कृषिबाली तथा पशुपंक्षीपालन एकीकृत रुपमा गर्न कृषकलाई प्रोत्साहन गर्न सके कृषकको आय स्तरमा वृद्धि हुने ।
- यस प्रदेशको उच्च हिमाली भेगमा प्रशस्त मात्रामा खर्क, चौर तथा चरन क्षेत्र भएकाले पशुपालन (चौरीपालन, भेडापालन, बाख्रापालन) तथा जडिबुटी (चिराइतो, पाँचऔले, जटामसी, पाषणभेद जस्ता) खेतीको प्रवर्द्धन तथा पहाडी भेगमा किवी, नासपाती, आरुबखडा, आल्चा जस्ता फलफूलहरुबाट उत्पादन हुने वाइन, जाम, जुस र जेली उद्योग स्थापना गर्न सकिने ।

**सिँचाइ**

- सरकारको नीति तथा कार्यक्रममा सिंचाइमा खपत हुने विद्युत महसुलमा सहुलियत प्रदान गर्ने घोषणा अनुरुप सहुलियत दरको सिंचाइ सुविधाले कृषि क्षेत्रको लागत कम भई उत्पादन प्रतिस्पर्धी हुने ।
- निरन्तर रुपमा जल प्रवाह हुनसक्ने ठुला नदीनालाहरुको आपसपासमा जलासय निर्माण गरी सिंचाइ प्रणालीलाई बहुउद्देश्य ढाँचामा सञ्चालन गर्न सकिने ।

**अन्य**

- विस्तार हुँदै गएको सडक सञ्जालले उच्च तथा मध्य पहाडी भु-भाग र घना बस्ती भएका तराईका शहर तथा जिल्ला सदरमुकाम बीच सहज पँहुच हुँदै गएकोले तरकारी, औषधिजन्य वस्तु तथा पशुपालन व्यवसायमा संलग्न हुने जनसंख्या बढ्दै जाने ।
- आशिंक रुपमा वनले ढाकेको भूक्षेत्र वृद्धि भइरहेकाले वन तथा जडिबुटिमा आधारित उद्योगको स्थापना गरी वनजन्य उत्पादनमा वृद्धि गरी निर्यात बढाउन सकिने ।

# प्रदेश नं. १ मा रहेको नेपालकै सबैभन्दा ठुलो अन्नभन्डारण गृह : एक अध्ययन

## पृष्ठभूमि

श्रमशक्ती सर्वेक्षण सन् २०१८ अनुसार मुलुकको कुल जनसंख्याको ६०.४ प्रतिशत हिस्सा कृषि पेशामा निर्भर रहेको तथा आर्थिक सर्वेक्षण २०७७/७८ अनुसार मुलुकको कुल गाहर्स्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २५.८ प्रतिशत रहेको सन्दर्भमा कृषिको व्यवसायीकरण तथा कृषिलाई उद्योगसँग आवद्ध गर्न शीत भण्डार तथा वेयर हाउस जस्ता विभिन्न पूर्वाधारको महत्वपुर्ण भूमिका हुने गर्दछ ।

यस सन्दर्भमा यस कार्यालयले अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने सिलसिलामा प्रदेश नं.१ अन्तर्गतका कृषि ज्ञान केन्द्रबाट यस सम्बन्धी जिल्लागत तथ्याङ्क संकलन गर्ने प्रयास गरिएको थियो । यद्यपि यस सम्बन्धी जिल्लागत तथ्याङ्क प्राप्त हुन नसकेतापनि यस अवधिमा संघीय सरकार र प्रदेश सरकारको सहयोगमा खोटाङ जिल्लाको दिक्तेल नगरपालिका–१४ बुँईपामा फलफुल तथा तरकारी भण्डारणको लागि शीत भण्डार तथा नीजि क्षेत्रको नेपाल वेयर हाउजिङ्ग कम्पनी लिमिटेडले सुनसरी जिल्लामा अन्न भण्डारण गृह सञ्चालनमा ल्याएको पाइयो । यसमध्ये लागत, प्रविधि तथा क्षमताको दृष्टिकोणबाट नेपाल वेयर हाउजिङ्ग कम्पनी लिमिटेडले सुनसरी जिल्लामा सञ्चालनमा ल्याएको अन्न भण्डारण गृह नेपालकै कृषि क्षेत्रको पहिलो नमुना पूर्वाधार भएकोले यस सम्बन्धमा संक्षिप्त अध्ययन गरिएको छ । सम्बन्धित सरोकारवालासँग असंरचित अन्तरवार्ता तथा स्थलगत अवलोकन भ्रमण समेतबाट प्राप्त जानकारी तथा सूचनाका आधारमा उक्त अन्नभण्डारण गृह सम्बन्धमा तयार गरिएको संक्षिप्त अध्ययन प्रतिवेदन निम्नानुसार प्रस्तुत गरिएको छ ।

## परिचय :



प्रदेश नं. १ अन्तर्गत सुनसरी जिल्लाको गढी गाँउपालिका वडा नं. २ औरावनीमा स्वचालित प्रविधिमा आधारित नेपालकै पहिलो सबैभन्दा ठुलो अत्याधुनिक अन्न भण्डारण गृह (वेयर हाउस) सञ्चालनमा आएको छ । काठमाण्डौ–९ सिनामंगलमा रजिष्टर्ड कार्यालय रहेको नेपाल वेयर हाउजिङ्ग कम्पनी लिमिटेडले निर्माण गरी सञ्चालनमा ल्याएको यस अन्नभन्डारण गृहको प्रवर्द्धकमा Nimbus Cultivating Partnership, Shikhar Insurance, NIFRA, NMB Bank, Hathway Investment Nepal लगायत अन्य कम्पनीहरु रहेका छन । यस कम्पनीले सुनसरीका अतिरिक्त पर्सा र कपिलवस्तु जिल्लामा क्रमशः २५ हजार मे.ट. र १५ हजार मे.ट. क्षमता भएको वेयर हाउस सञ्चालन गर्ने क्रममा रहेको पाइयो । यसरी ३ स्थानमा अन्न भण्डारण गृह स्थापना तथा सञ्चालन गर्नका लागि कम्पनीको रु.५५ करोड शेयर पुँजी तथा रु.९४ करोड बैंक ऋण गरी कुल रु.१ अर्ब ४९ करोड लगानी रहेको पाइयो । गढी गाँउपालिकामा रहेको यस कम्पनीको शाखामा स्थायी तथा ज्यालादारी गरी १२ जनालाई रोजगारी प्रदान गरेको छ भने भण्डारण गृह पूर्ण क्षमतामा सञ्चालनमा आएपछि सो संख्या बढ्ने देखिन्छ ।

## उद्देश्य :

- अन्न भण्डारण गृह निर्माण गरी कृषिजन्य उत्पादनहरु मकै, गहुँ, भटमास तथा धान सुरक्षित तवरले भण्डारण गर्नु ।
- आधुनिक प्रविधिको प्रयोग गरी गुणस्तर कायम गर्न कृषि उपज प्रशोधन सेवा प्रदान गर्ने ।

- बोलकबोलको माध्यमबाट कृषि जन्य उपज खरिद/विक्री गर्न अन्न भण्डारण गृह रहेको परिसरमा खरिदकर्ता तथा कृषकलाई खरिद/विक्रीको स्थान(मण्डी) उपलब्ध गराई आफ्नो उत्पादनको उचितमूल्य प्राप्त गर्न सहयोग गर्ने ।
- भण्डारण गरिएका कृषि उपजको Stock Receipt जारी गर्ने तथा सोको धितोमा बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन सहजीकरण गर्ने ।

**भण्डारण क्षमता :**

करिव ४ विघा क्षेत्रफलमा फैलिएको यो भण्डारण गृहमा ३ वटा साइलो रहेका छन् । यस भण्डारण गृहमा साइलो प्रविधीबाट अन्न भण्डारण गरिन्छ भने अत्याधुनिक प्रविधीबाट आद्रता र तापक्रम नियन्त्रण गरी खाद्यान्नको पौष्टिक गुणस्तर समेत कायम गरिन्छ । यस वेयर हाउसको भण्डारण क्षमता कुल १५ हजार मे.ट (५ हजार मे.ट. गहुँ, ५ हजार मे.ट. मकै र ५ हजार मे.ट. भटमास) रहेको छ भने भविष्यमा धान समेत भण्डारण गर्न सक्ने गरी पूर्वाधार निर्माण तथा विस्तार गर्ने योजना रहेको पाइयो । कम्तीमा १५ दिन देखि बढीमा ९ महिना सम्म भण्डारण गर्न सकिने यस गृहमा मासिक ०.२० प्रतिशत र ९ महिनासम्म भण्डारण गर्दा बढीमा २ प्रतिशत मात्र अन्न क्षति/घट्ने अनुमान कम्पनीले गरेको छ ।

**सेवाशुल्क :**

कम्पनीले प्रति केजी प्रति महिना ५० पैसा तथा १५ दिनको २५ पैसा प्रति केजीका दरले सेवा शुल्क निर्धारण गरेको छ । यस बाहेक कम्पनीको बोरा प्रयोग गर्दा प्रति बोरा रु.३५ र आफ्नै बोरा प्रयोग गर्दा ब्यागिङ्ग शुल्क वापत प्रति वोरा रु.८ निर्धारण गरेको छ । कम्पनीले भण्डारण बाहेक कृषक, कृषि उपज संकलनकर्ता तथा व्यापारीलाई अन्न किनबेच गर्न मण्डी उपलब्ध गराएवापत छुट्टै शुल्क निर्धारण गरेको छ । अन्न भण्डारणको धितोमा बैंकबाट कर्जा लिन सहजीकरण गरेवापत कर्जा रकमको ०.५ देखि १ प्रतिशतसम्म सेवा शुल्क निर्धारण गरेको छ ।

**सञ्चालन तथा भण्डारणको अवस्था**

कम्पनीले हाल अन्न भन्डारणको कार्य शुरु गरेको तथा पूर्ण क्षमतामा सञ्चालनमा आएपश्चात् भण्डारण, प्याकेजिङ तथा कर्जाको लागि धितो सेवा उपलव्ध गराए बापत कम्पनीले वार्षिक करिव ९ करोड भन्दा बढी आम्दानी गर्ने अनुमान गरेको छ । उल्लिखित शुल्कबाट कम्पनीको Pay Back Period करिब ७ बर्ष रहने प्रक्षेपण गरेको छ ।

**भण्डारण गृह सञ्चालनका चुनौतीहरु**

- विद्युत् आपूर्ति भरपर्दो प्रकृतिको नभएकोले विद्युत् आपूर्तिको बैकल्पिक व्यवस्था मिलाई भण्डारण गृह सञ्चालन गर्नु ।
- नयाँ प्रविधियुक्त भण्डारण गृहको बारेमा प्रचार प्रसार तथा प्रभावकारी बजारीकरण गरी लक्षित कृषकलाई विश्वास दिलाई सेवा उपयोग गर्न आकर्षित गर्नु ।
- नयाँ प्रविधिसँग परिचित स्वदेशी प्राविधिक जनशक्तिको प्राप्ति, विकास र संरक्षण गर्नु ।
- भण्डारण गृह निर्माण तथा सञ्चालनमा सरकारबाट व्याज अनुदान समेत प्राप्त गरेको पाइएकोले केवल आन्तरिक कृषकले मात्र भण्डारण गृह उपयोग गर्न पाउने सुनिश्चितता गरी आयातित अन्नको भण्डारण रोक्नु ।

**भण्डारण गृह सञ्चालनका प्रभाव**

यस भण्डारण गृहको स्थापनाले कृषकलाई सस्तो, सुलभ र सहज तरिकाले भण्डारण तथा बिक्री स्थल समेत उपलव्ध भई उत्पादनको समयमा लागत भन्दा कम मूल्यमा अन्न विक्री गर्नु पर्ने बाध्यता नरहने देखिन्छ भने परम्परागत विधिबाट भण्डारण गर्दा हुनसक्ने क्षति न्यून हुनुको साथै उत्पादित अन्नको पौष्टिक गुणस्तरसमेत लामो समयसम्म कायम राख्न सकिन्छ । यस खाद्यान्न भण्डारण-गृह सञ्चालनले प्रदेश नं. १ का विशेषगरी झापा, मोरङ, सुनसरी र उदयपुर जिल्लाका अन्न उत्पादक किसान, कृषिवस्तु सङ्कलक, खाद्यान्न प्रशोधन तथा दानाउत्पादक उद्योग बढी लाभान्वित हुने देखिन्छ ।

यस प्रकारका भण्डारण गृहको निर्माण/सञ्चालनले वास्तविक उत्पादक र उपभोक्ताका विचमा सोझो सम्बन्ध स्थापित हुन गई कृषि क्षेत्रमा लामो समय देखि कायम विचौलियाको तहगत श्रृङ्खलामा कमी भई उत्पादकलाई उचित मूल्य तथा उपभोक्तालाई गुणस्तरीय खाद्यन्न प्राप्तिको सुनिश्चितता हुने देखिन्छ। पछिल्लो समयमा कृषि पेशामा लाभलागत अनुपात घटदै गइरहेकोले कृषि व्यवसायलाई आधुनिकीकरण तथा व्यवसायीकरण गर्ने सरकारी लक्ष्य नतिजामा हासिल गर्न चुनौतीपूर्ण हुँदै गएको छ। अतः कृषि पेशाप्रति सर्वसाधारणलाई आकर्षित गर्दै समग्र कृषि क्षेत्रको व्यवसायीकरणमा यस प्रकारका कृषि पूर्वाधार कोशेढुङ्गा सावित हुने देखिन्छ।


# परिच्छेद ४: उद्योग क्षेत्र

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन

आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनामा यस प्रदेशका नमुना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ४८.९ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा उद्योगहरुको औसत क्षमता उपयोग ५३.५ प्रतिशत रहेको थियो । विशेष गरी वनस्पती घिउ र तेल, तयारी कपडा, साबुन, जि.आई तार, चिनी, घरेलु धातुका सामान जस्ता वस्तुहरु उत्पादन गर्ने उद्योगको क्षमता उपयोगमा कमी आएकाले उद्योगको औसत क्षमता उपयोगमा केही कमी आएको देखिन्छ । कोभिड-१९ अवधिभर आयात प्रवावित भई आन्तरिक उत्पादन बढेतापनि कोभिड-१९ को प्रभाव न्यून भएसँगै आयातमा भएको सहजताले आन्तरिक उत्पादन प्रभावित हुन गई उद्योगको औसत क्षमता उपयोगमा कमी आएको देखिन्छ ।

समीक्षा अवधिमा इँटा उद्योगले सबैभन्दा बढी ९३.५ प्रतिशत क्षमता उपयोग गरेको देखिन्छ भने वनस्पती घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम ६.९ प्रतिशत रहेको छ ।

**चार्ट ४.१: उद्योगको क्षमता उपयोगको अवस्था**




स्रोत: अध्ययन क्षेत्रका उद्योगहरु


समीक्षा अवधिमा यस अध्ययनमा समेटिएका उद्योगहरुको उत्पादनमध्ये भटमासको तेल उत्पादन सबैभन्दा बढी २१८.१ प्रतिशतले बढेको छ भने चिनी उत्पादन ६४.४ प्रतिशतले घटेको छ । वनस्पति घिउ उत्पादन गर्ने उद्योगहरु पामतेल तथा भटमासको तेल उत्पादनमा रुपान्तरण भएको तथा भारतीय बजारमा भटमासको तेलको माग अत्याधिक वृद्धि भएको कारण भटमासको तेल उत्पादनमा वृद्धि भएको देखिन्छ भने बनस्पति घिउको उत्पादन घटेको देखिन्छ । त्यसैगरी, उखु उत्पादनमा कृषकहरु आकर्षित हुन नसकेकाले उखुको उत्पादनमा कमी आई चिनीको उत्पादन घटेको देखिन्छ ।

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा निर्यात उच्च भएका मुख्य वस्तुहरुमध्ये तयारी कपडाको उत्पादन ५४.१ प्रतिशत, बनस्पति घिउको उत्पादन ३३.८ प्रतिशत र जुटका सामानको उत्पादन ४.३ प्रतिशतले घटेको छ भने प्लाष्टिकका सामानको उत्पादन ७.३ प्रतिशत र चाउचाउको उत्पादन ७.५ प्रतिशतले बढेको छ । गत वर्ष कोरोना महामारीको कारण विदेशबाट हुने तयारी कपडाको आयातमा कमी आई स्थानीयस्तरमा तयारी कपडाको उत्पादन

अत्याधिक भएको तर समीक्षा अवधिमा आयात सहज भई स्थानीयस्तरमा उत्पादित तयारी कपडाको मौज्दात अत्याधिक रहेकाले उत्पादनमा कमी आएको देखिन्छ ।

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा चामलको उत्पादन ६३.२ प्रतिशतले बढेको छ । यस अध्ययनमा समेटिएका चामल उद्योगहरुले भारतबाट धान आयात गरी जिरा मसिनो चामल उत्पादन गरेकाले चामलको उत्पादन बढेको पाइएको छ ।

**चार्ट ४.२ : उद्योगको उत्पादन वृद्धिदर अवस्था**




स्रोत : अध्ययन क्षेत्रका उद्योगहरु

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा


२०७८ पुस मसान्तसम्म वार्षिक विन्दुगत आधारमा कुल औद्योगिक कर्जा १२.४ प्रतिशतले बढेको छ । २०७८ असार मसान्तको तुलनामा २०७८ पुसमसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ०.५ प्रतिशतले घटेर रु.१ खर्ब ४४ अर्ब रहेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १.३ प्रतिशतले घटेको थियो । औद्योगिक कर्जाहरुमध्ये गैर खाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी १७.८ प्रतिशतले वृद्धि भएको छ भने निमार्ण सम्बन्धी उद्योगमा प्रवाह भएको कर्जा सबैभन्दा बढी ३३.० प्रतिशतले घटेको छ । समीक्षा अवधिमा निर्माणजन्य वस्तुको मूल्य उच्च भएका कारण निर्माणसँग सम्बन्धित गतिविधि प्रभावित भएकाले यस क्षेत्रमा प्रवाहित कर्जा घटेको देखिन्छ । यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश २६.५ प्रतिशत रहेको छ । कुल औद्योगिक कर्जामध्ये गैरखाद्य वस्तु सम्बन्धी उद्योगर्फ सबैभन्दा बढी ४६.२ प्रतिशत र विद्युत, ग्यास तथा पानीतर्फ सबैभन्दा कम ०.७ प्रतिशत कर्जा प्रवाह भएको छ ।

**तालिका ४.१: क्षेत्रगत औद्योगिक कर्जाको अंश**

| क्षेत्र | २०७७ पुस | २०७८ पुस |
|---|---|---|
| खानी | १.१ | १.४ |
| कृषि, वन तथा पेय पदार्थ | २२.१ | २५.४ |
| गैरखाद्य वस्तु | ३८.६ | ४६.२ |
| निर्माण | ३३.५ | २०.८ |
| विद्युत, ग्यास तथा पानी | ०.६ | ०.७ |
| धातु, मेसिनरी तथा ईलेक्ट्रोनिक | ४.२ | ५.५ |

स्रोत : नेपाल राष्ट्र बैंक

**चार्ट ४.३ :क्षेत्रगत औद्योगिक कर्जाको वृद्धिदर (६ महिना)**




स्रोत : नेपाल राष्ट्र बैंक

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

**चुनौतीहरु**

- बैंक तथा वित्तीय संस्थामा देखिएको तरलता अभावको वावजुद नयाँ उद्योगहरुको स्थापना तथा भएका उद्योगहरुको सञ्चालन/क्षमता विस्तारको लागि आवश्यक स्रोत जुटाई उद्योगहरुको स्थापना, पुर्ण क्षमतामा सञ्चालन तथा क्षमता विस्तार गर्न सक्ने विश्वसनीय आधार सृजना गर्नु ।
- कोभिड–१९ महामारीले औद्योगिक उत्पादनको माग तथा औद्योगिक कच्चा पदार्थको आपूर्ति श्रृङखलामा पारेको प्रभाव न्यूनीकरण गर्दै उद्योग पूर्ण क्षमतामा सञ्चालन गर्नु ।
- कतिपय वस्तु नेपालमा नै उत्पादन हुंदा हुंदै पनि संकलन केन्द्र तथा शीत भण्डार जस्ता आपूर्ति श्रृङखलालाई निरन्तरता दिने पूर्वाधारको अभावमा उपभोगको केन्द्र सम्म आउन नसकेकाले यस प्रकारका पूर्वाधारमा लगानी विस्तार गरी कमजोर अवस्थामा रहेको आन्तरिक आपुर्ति तथा आन्तरिक मूल्य श्रृङखलालाई पूर्वाधारको विकास मार्फत व्यवस्थित बनाउने कार्य ।
- नेपाली श्रमशक्तिको बैदेशिक रोजगारमा आकर्षण बढेसँगै नेपालमा औद्योगिक जनशक्तिको अभाव बढ्दै गएकोले जनशक्ति पलायनको क्रमलाई रोकी उद्योगतर्फ आकर्षित गर्नु ।
- नेपालमा उत्पादन हुने छुर्पि तथा चिया भारतीय ब्राण्डको रुपमा तेस्रो मुलुक निकासी हुने गरेकोले नेपाली ब्राण्डमा निर्यात गर्नु ।
- कबाडीका रुपमा संकलन गरिएका औद्योगिक कच्चा पदार्थ अवैध रुपमा भारततर्फ निकासी हुने गरेकोले खुला सिमाना व्यवस्थित गरी उक्त कच्चा पदार्थ नेपालकै उद्योगले प्राप्त गर्ने अवस्था सृजना गर्नु ।

- कतिपय उद्योगहरुमा कार्यरत दक्ष/अदक्ष भारतीय कामदारहरु कोरोना माहामारी पश्चात उद्योगमा नफर्केका कारण उद्योगलाई क्षमता अनुसार सञ्चालन गर्न नसकिएकाले नेपाली कामदारको आपूर्ती सहज गरी उत्पादन प्रकृया नियमित गर्नु ।

- भारतीय श्रमिक माथिको अधिक निर्भरतालाई कम गरी उद्योग क्षेत्रमा आवश्यक हुने दक्ष जनशक्तिको आन्तरिक आपूर्ति सुनिश्चित गर्न उद्योग क्षेत्रमा कार्यरत श्रमिकको समुचित क्षमता अभिवृद्धि गर्नु तथा अदक्ष श्रमिकलाई उद्योगतर्फ आकर्षित गर्नु ।

- कृषिजन्य तथा अन्य औद्योगिक उत्पादनको लागि आवश्यक कच्चा पदार्थको आन्तरिक उत्पादन वृद्धि तथा आपूर्ति नियमित गरी समग्र औद्योगिक उत्पादन वृद्धि गर्नु ।

- औद्योगिक उत्पादनको लागत कम तथा गुणस्तरमा अभिवृद्धि गरी आयातित उत्पादनसँग प्रतिस्पर्धी बनाउनु ।

- जमिनको निरन्तरको मूल्य वृद्धिले उद्योग स्थापनाका लागि आवश्यक पर्ने जग्गा अधिग्रहण/प्राप्ति गर्ने कार्य ।

- विशेष आर्थिक क्षेत्र, निर्यात प्रशोधन केन्द्र र औद्योगिक क्षेत्रमा पूर्वाधार विकास गर्न आवश्यक पर्ने बजेट तथा कार्यक्रमले निरन्तरता नपाउने ।

- बढ्दो आयातका कारण स्वदेशी उद्योग प्रतिस्थापन हुनबाट संरक्षण गर्नु ।

**सम्भावनाहरु**

- नेपालमा उत्पादन हुने करिब ८५ प्रतिशत चिया भारतमा निर्यात भईरहेको र करिब ९ प्रतिशत मात्र तेस्रो मुलुकमा निर्यात भईरहेको देखिन्छ । भारत भन्दा तेस्रो मुलुकमा निर्यात गर्दा दोब्बर भन्दा बढी मूल्य प्राप्त हुने हुँदा प्रशोधन, ग्रेडिङ्ग लगायत सम्बन्धित देशको मापदण्ड पूरा गरी तेस्रो मुलुकमा निर्यात गरी अधिक लाभ लिन सकिने ।

- कृषि तथा वनजन्य उत्पादनहरु अलैंची, अम्लिसो, लोक्ता जस्ता कच्चा पदार्थलाई आधार मानेर कागज उद्योग स्थापना र सञ्चालन गरी विदेशी कागज आयातमा कटौती गरी स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न सकिने ।

- यस प्रदेशका तराई तथा पहाडी जिल्लाका कतिपय स्थानमा बढदो शहरीकरण/जनघनत्वका कारण औद्योगिक उत्पादनको बजार विस्तार हुने ।

- कच्चा पदार्थ आयात तथा तयारी वस्तु निर्यात गर्नका लागि भारतीय सीमा नाकासम्मका पहुँच सहज भएकाले यस प्रदेशमा उद्योगको विकास र विस्तार गरी रोजगारीको अवसर सृजना/वृद्धि गर्न सकिने ।

- सहुलियतपूर्ण कर्जा प्रवाह तथा उर्जाको नियमित आपूर्ति मार्फत उद्योगको लागत कम गरी प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्न सकिने ।

# परिच्छेद ५: सेवा क्षेत्र

## ५.१ पर्यटन

लगानी, सुविधा र सेवाप्रवाहको स्तरका आधारमा नमुना छनोट गरिएका यस प्रदेश नं. १ का ५ वटा पर्यटकस्तरीय होटल (होटल होलिडे होम (झापा), ह्यारिसन होटल (विराटनगर), विग होटल (विराटनगर), होराइजन रिसोर्ट (हिले) र रत्ना होटल (विराटनगर) बाट प्राप्त विवरण तथा तथ्याङ्कको आधारमा विश्लेषण गर्दा **प्रदेश नं. १ का पर्यटकस्तरीय होटलको अवस्था** देहाय बमोजिम रहेको देखिन्छ ।

- कोभिड - १९ को महामारीबाट अति प्रभावित क्षेत्रको रुपमा रहेको पर्यटन क्षेत्र बन्दाबन्दी तथा निशेधाज्ञा खुकुलो भएसँगै सुधारोन्मुख अवस्थामा रहेको देखिन्छ । महामारी अवधिभर शून्य प्राय रहेको पर्यटकस्तरीय होटल व्यवसायको कारोवार समीक्षा अवधिमा विस्तार/वृद्धि हुने क्रममा रहेको छ ।

- आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा छनोट भएका होटलको शैया संख्या ०.४ प्रतिशले बढेको छ ।

- समीक्षा अवधिमा प्रदेश नं. १ मा रहेका होटलहरुको औसत अकुपेन्सी दर २५ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा यस्तो अकुपेन्सी दर २१ प्रतिशत रहेको थियो ।

- समीक्षा अवधिमा यस प्रदेशमा आन्तरिक र वाह्य पर्यटक गरी कुल पर्यटक आगमन संख्या ४३.० प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो संख्या ५५.९ प्रतिशतले घटेको थियो ।

- समीक्षा अवधिमा वाह्य पर्यटक आगमनको संख्या १२२.० प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा वाह्य पर्यटक आगमनको संख्या ७६.७ प्रतिशतले घटेको थियो । कोरोना महामारीको प्रभाव कम भएसँगै विदेशी पर्यटकलाई आकर्षित गर्नका लागि अनअराइभल भिसामा दिएको छुट तथा अन्य सुविधाका कारण पर्यटकको आगमनमा वृद्धि भएको देखिन्छ ।

- आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा पर्यटकस्तरीय होटलमा आन्तरिक पर्यटकको संख्या २२.६ प्रतिशतले बढेको देखिन्छ । गत वर्षको सोही अवधिमा आन्तरिक पर्यटकको संख्या ४२.६ प्रतिशले घटेको थियो ।

- आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा भारतबाट आउने पर्यटकको संख्या १२५.६ प्रतिशत, चीनबाट आउने पर्यटकको संख्या ५०.० प्रतिशत र तेस्रो मुलुकबाट आउने पर्यटकको संख्या ८३.४ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा भारतवाट आउने पर्यटकको संख्या ७७.३ प्रतिशत, चीनबाट आउने पर्यटकको संख्या ६०.७ प्रतिशत र तेस्रो मुलुकबाट आउने पर्यटकको संख्या ५३.८ प्रतिशतले घटेको थियो । विराटनगर तथा काँकडभिट्टा नाकामा आवागमन सहज भएसँगै भारतीय पर्यटकको संख्यामा वृद्धि भएको देखिन्छ ।


- आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा पर्यटकस्तरीय होटल व्यवसायमा थप ६.९ प्रतिशतले रोजगारी प्राप्त गरेका छन् । गत वर्षको सोही अवधिमा ४.४ प्रतिशतले रोजगारी गुमाएका थिए ।

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या ५.९ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा यस्तो संख्या ३.९ प्रतिशतले बढेको थियो। आ.व. २०७८/७९ को पहिलो ६ महिनामा गत वर्षको सोही अवधिको तुलनामा घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व ४०.२ प्रतिशतले वृद्धि भई रु.२ अर्ब २८ करोड परिचालन भएको छ। गत वर्षको सोही अवधिमा यस्तो राजस्व २८.३ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ६३ करोड परिचालन भएको थियो। समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्या १०.६ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा यस्तो संख्या १६.१ प्रतिशतले घटेको थियो।

गत वर्ष कोभिड-१९ महामारीका कारण सरकारले गरेको बन्दाबन्दी तथा निषेधाज्ञाले घरजग्गा कारोवारमा कमी आएको तर समीक्षा अवधिमा आर्थिक गतिविधि चलायमान भएसँगै घरजग्गा कारोवार संख्या (रजिष्ट्रेशन) तथा राजश्व संकलनमा सुधार आएको देखिन्छ।

**चार्ट ५.१ : घरजग्गा कारोवारको अवस्था**




स्रोत: अध्ययन क्षेत्रका मालपोत कार्यालय तथा महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका

## ५.३ वित्तीय सेवा

### ५.३.१ बैंक तथा वित्तीय संस्थाका शाखा संख्या


२०७८ असार मसान्तको तुलनामा २०७८ पुस मसान्तसम्म यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाका थप १०३ शाखा विस्तार भएका छन्। २०७८ पुस मसान्तसम्म यस प्रदेशमा वाणिज्य बैंकका ७४९, विकास बैंकका १८५, वित्त कम्पनीका ३० तथा लघुवित्त वित्तीय संस्थाका ८५२ गरी जम्मा १,८१६ शाखा रहेका छन्। यसमध्ये मोरङ जिल्लामा सबैभन्दा बढी ४४२ र ताप्लेजुङमा सबैभन्दा कम ३७ शाखा रहेका छन्।

**तालिका : ५.१ प्रदेश नं १ मा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या**

| बैंक तथा वित्तीय संस्था | २०७८ असार मसान्त | २०७८ पुस मसान्त |
|---|---|---|
| वाणिज्य बैंक | ७२८ | ७४९ |
| विकास बैंक | १७७ | १८५ |
| वित्त कम्पनी | २५ | ३० |
| लघुवित्त वित्तीय संस्था | ७८३ | ८५२ |
| **जम्मा शाखा संख्या** | **१७१३** | **१८१६** |

स्रोत : नेपाल राष्ट्र बैंक

चार्ट ५.२ : बैंक तथा वित्तीय संस्थाको जिल्लागत शाखा संख्या




स्रोत : नेपाल राष्ट्र बैंक

### ५.३.२ निक्षेप तथा कर्जा स्थिति

२०७८ असार मसान्तको तुलनामा २०७८ पुस मसान्तमा प्रदेश नं. १ मा अवस्थित बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप परिचालन १.४ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ५१ अर्ब पुगेको छ। २०७८ पुस मसान्तमा वार्षिक विन्दुगत आधारमा कुल निक्षेपको वृद्धिदर १२.३ प्रतिशत रहेको थियो। सर्वसाधारणमा बचत गर्ने बानीमा आएको सुधार, रेमिट्यान्स आप्रवाह, विद्युतीय कारोवारमा भएको वृद्धि, तथा बैकिङ्ग सेवा विस्तार भएकाले निक्षेप परिचालन बढेको देखिन्छ।

२०७७ पुस मसान्तको तुलनामा २०७८ पुस मसान्तमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा ३०.१ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ४२ अर्ब पुगेको छ। २०७८ पुस मसान्तसम्म प्रवाहित कुल कर्जामध्ये कृषि कर्जाको हिस्सा ९.६ प्रतिशत, औद्योगिक कर्जाको हिस्सा २६.५ प्रतिशत र सेवा क्षेत्रमा प्रवाहित कर्जाको हिस्सा ६४.० प्रतिशत रहेको छ। २०७८ असार मसान्तमा कृषि कर्जाको हिस्सा ९.८ प्रतिशत, औद्योगिक क्षेत्रको हिस्सा ३०.६ प्रतिशत र सेवा क्षेत्रमा प्रवाहित कर्जाको हिस्सा ५९.७ प्रतिशत रहेको थियो।


**तालिका ५.२ : क्षेत्रगत कर्जाको अंश (प्रतिशत)**

| विवरण | २०७७ पुस | २०७८ असार | २०७८ पुस |
|---|---|---|---|
| कुल कृषि कर्जा | ९.७ | ९.८ | ९.६ |
| कुल औद्योगिक कर्जा | ३०.८ | ३०.६ | २६.५ |
| कुल सेवा कर्जा | ५९.५ | ५९.७ | ६४.० |

स्रोत: नेपाल राष्ट्र बैंक

२०७८ पुस मसान्तमा यस प्रदेशमा कर्जा निक्षेप अनुपात (CD Ratio) १५५.२ प्रतिशत रहेको छ। कोभिड १९ का कारण प्रभावित अर्थतन्त्रलाई पुनरुत्थान गर्न सरकारले घोषणा गरेको विभिन्न छुट तथा सुविधा, मौद्रिक नीतिले प्रदान गरेको सुविधा, सहुलियतपूर्ण कर्जा, पुनरकर्जा सुविधा, सर्वसाधारणको वित्तीय पहुँचमा भएको वृद्धि, पूर्वाधारको विकास तथा विस्तार आदि कारणले लगानीका लागि वातावरण अनुकूल बन्दै गएकोले कर्जाको माग तथा प्रवाह बढेको देखिन्छ।

### चार्ट ५.३: निक्षेप तथा कर्जा स्थिति





स्रोत : नेपाल राष्ट्र बैंक

### ५.३.३ अन्य वित्तीय विवरण

२०७८ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा परिचालन गरेको कुल निक्षेपमा चल्ती निक्षेपको अंश ८.६ प्रतिशत, बचत निक्षेपको अंश ४५.७ प्रतिशत, मुद्धती निक्षेपको अंश ३९.७ प्रतिशत र अन्य निक्षेपको अंश ६.० प्रतिशत रहेको छ। २०७८ असार मसान्तमा कुल निक्षेपमा चल्ती निक्षेपको अंश १०.८ प्रतिशत, बचत निक्षेपको अंश ४९.६ प्रतिशत, मुद्धती निक्षेपको अंश ३१.९ प्रतिशत र अन्य निक्षेपको अंश ७.७ प्रतिशत रहेको थियो।

### चार्ट ५.४: कुल निक्षेपको संरचना




स्रोत : नेपाल राष्ट्र बैंक

२०७८ असार मसान्तको तुलनामा २०७८ पुस मसान्तमा निक्षेपकर्ताको संख्या १४.० प्रतिशत वृद्धि भई ५४ लाख ९५ हजार पुगेको छ भने ऋणीहरुको संख्या १२.९ प्रतिशत वृद्धि भई २ लाख ७५ हजार पुगेको छ । २०७७ पुस मसान्तमा निक्षेपकर्ताको संख्या ४५ लाख ६५ हजार र ऋणीहरुको संख्या २ लाख २३ हजार रहेको थियो ।

**तालिका ५.३ : कुल कर्जाको तुलनामा हिस्सा (प्रतिशत)**

| विवरण | २०७७ पुस | २०७८ असार | २०७८ पुस |
|---|---|---|---|
| विपन्न वर्ग कर्जा | ७.९ | ८.५ | ८.८ |
| पुनरकर्जा | १.६ | २.२ | २.८ |
| सहुलियतपूर्ण कर्जा | ४.० | ५.६ | ५.९ |

स्रोत : नेपाल राष्ट्र बैंक

२०७८ असार मसान्तको तुलनामा २०७८ पुस मसान्तमा विपन्न वर्ग कर्जा १६.९ प्रतिशतले वृद्धि भई रु.४७ अर्ब ७३ करोड पुगेको छ। २०७७ पुस मसान्तमा उक्त कर्जा रु.३३ अर्ब ८ करोड रहेको थियो। २०७८ पुस मसान्तसम्म कुल कर्जाको तुलनामा विपन्न वर्ग कर्जाको हिस्सा ८.८ प्रतिशत रहेको छ।

२०७८ असार मसान्तको तुलनामा २०७८ पुस मसान्तमा पुनरकर्जाको बक्यौता ४६.३ प्रतिशतले वृद्धि भई रु.१५ अर्ब १८ करोड पुगेको छ। २०७७ पुस मसान्तमा उक्त कर्जाको बक्यौता रु.६ अर्ब ४७ करोड रहेको थियो। २०७८ पुस मसान्तसम्म कुल कर्जाको तुलनामा पुनरकर्जाको हिस्सा २.८ प्रतिशत रहेको छ।

२०७८ असार मसान्तको तुलनामा २०७८ पुस मसान्तमा सहुलियतपूर्ण कर्जा २०.२ प्रतिशतले वृद्धि भई रु.३२ अर्ब ९ करोड पुगेको छ। २०७७ पुस मसान्तमा उक्त कर्जा रु.१६ अर्ब ८५ करोड रहेको थियो। २०७८ पुस मसान्तसम्म कुल कर्जाको तुलनामा सहुलियतर्पूण कर्जाको हिस्सा ५.९ प्रतिशत रहेको छ।


२०७८ पुस मसान्तमा प्रदेश नं. १ मा कुल एटिएम संख्या ५४९ पुगेको छ। यसमध्ये मोरङ जिल्लामा सबैभन्दा बढी १५२ वटा एटिएम रहेका छन् भने खोटाङ जिल्लामा सबैभन्दा कम ६ वटा एटिएम रहेका छन्।

### ५.३.४ सहकारी क्षेत्र

*यस प्रदेशको प्रदेश सहकारी रजिष्ट्रार कार्यालयमा दर्ता भएका बचत तथा ऋण सहकारी संस्थामध्ये ऋण लगानीका आधारमा नमुना छनौट गरिएका १० वटा ठुला बचत तथा ऋण सहकारी संस्थाबाट प्राप्त विवरणको आधारमा गरिएको विश्लेषण ।*

- २०७७ पुस मसान्तको तुलनामा २०७८ पुस मसान्तमा सहकारी संस्थाको कुल पुँजी २३.० प्रतिशतले बढेको छ। २०७७ पुस मसान्तमा सहकारी संस्थाको पुँजी १४.३ प्रतिशतले वृद्धि भएको थियो।
- २०७७ पुस मसान्तको तुलनामा २०७८ पुस मसान्तमा सहकारीको कुल बचत २४.९ प्रतिशत र कुल कर्जा ४९.५ प्रतिशतले बढेको छ। २०७७ पुस मसान्तमा सहकारीको बचत ३२.० प्रतिशत र कर्जा २१.२ प्रतिशतले बढेको थियो।
- २०७७ पुस मसान्तको तुलनामा २०७८ पुस मसान्तमा सहकारी संस्थाको सदस्य संख्या १६.७ प्रतिशत र कर्मचारी संख्या २३.१ प्रतिशतले बढेको छ। २०७७ पुस मसान्तमा सहकारी संस्थाको सदस्य संख्या ११.९ प्रतिशत र कर्मचारी संख्या १९.६ प्रतिशतले बढेको थियो।
- सहकारी संस्थामा बैंक तथा वित्तीय संस्थाको तुलनामा निक्षेपमा बढी व्याज पाइने, कर्जा लिने प्रक्रिया छोटो तथा कम झन्झटिलो हुने भएकाले बचत गर्न तथा ऋण लिन सर्वसाधारणको आकर्षण बढेको देखिन्छ।

**चार्ट ५.५ सहकारीको पुँजी, बचत र ऋण लगानीको अवस्था**




स्रोत : अध्ययन क्षेत्रका सहकारी संस्थाहरु

### ५.३.५ फण्ड ट्रान्सफर

आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनामा प्रदेश नं. १ का १४ जिल्लामा रहेका १५ वटा नोटकोषमध्ये खोटाङ र उदयपुर जिल्लामा रहेका २ वटा नोटकोषमा जनकपुर कार्यालयबाट रु.१ अर्ब ५० करोड, ओखलढुङ्गा र सोलुखुम्बु जिल्लामा रहेका २ वटा नोटकोषमा मुद्रा व्यवस्थापन विभागबाट रु. ३५ करोड तथा मोरङ जिल्ला बाहेकका अन्य ९ जिल्ला (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा र भोजपुर) मा रहेका ११ वटा नोटकोषमा विराटनगर कार्यालयबाट रु.८ अर्ब ५४ करोड गरी कुल रु.१० अर्ब ३९ करोड फण्ड ट्रान्सफर भएको छ। गत वर्षको सोही अवधिमा यस प्रदेशमा रहेका नोटकोषमा मुद्रा व्यवस्थापन विभाग, जनकपुर कार्यालय र यस कार्यालयबाट कुल रु.१५ अर्ब ५ करोडको फण्ड ट्रान्सफर भएको थियो।

### ५.३.६ विदेशी विनिमय

२०७८ पुस मसान्तसम्म प्रदेश नं. १ मा नेपाल राष्ट्र बैंकबाट ६३ मनिचेञ्जर, ४ होटल, १ ट्रेकिङ्ग एजेन्सी र २ अन्य गरी ७० एजेन्सीहरुले विदेशी मुद्रा सटहीको इजाजतपत्र प्राप्त गरेका छन्।

आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनामा यस कार्यालयले रु.१३ करोड ९० लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरीद गरेको छ। खरिद गरिएका परिवर्त्य विदेशी मुद्राहरुमध्ये रु.७ करोड १० लाख बराबरको अमेरिकी डलर, रु.१ करोड ३० लाख बराबरको युरो र रु.५ करोड ५० लाख बराबरको अन्य विदेशी मुद्रा रहेका छन्।

गत वर्षको सोहि अवधिको तुलनामा यस अवधिमा अमेरिकी डलरको खरिद २८.९ प्रतिशतले घटेको छ भने युरो खरिद २६.२ प्रतिशतले बढेको छ। त्यसैगरी अन्य मुद्राको खरिद २.० प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा यस बैंकले रु.१६ करोड ६० लाख बराबरको विदेशी मुद्रा खरिद गरेको थियो।

समीक्षा अवधिमा कोभिड-१९ संक्रमणको असरले विदेशी पर्यटकको आवागमनमा कमी आएको तथा अन्य रोजगार गन्तव्य मुलुकहरुबाट रोजगार गुमाई फर्कने कामदारको संख्यामा भएको वृद्धिका कारण विदेशी मुद्राको खरिद घटेको देखिन्छ।

**तालिका ५.४ : परिवर्त्य विदेशी मुद्रा खरिद विवरण(रु.करोडमा)**

| विवरण | दुई वर्ष अघि | गत अवधि | समीक्षा अवधि |
|---|---|---|---|
| | आ.व. २०७६/७७ (साउन-पुस) | आ.व. २०७७/७८ (साउन-पुस) | आ.व. २०७८/७९ (साउन-पुस) |
| अमेरिकी डलर | ६.१ | १०.० | ७.१ |
| यूरो | २.६ | १.० | १.३ |
| अन्य | ९.६ | ५.६ | ५.५ |
| **जम्मा** | **१८.३** | **१६.६** | **१३.९** |

स्रोत : नेपाल राष्ट्र बैंक


## ५.४ यातायात तथा सञ्चार

### ५.४.१ यातायात

२०७७ पुस मसान्तको तुलनामा २०७८ पुस मसान्तसम्म यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या १३.९ प्रतिशतले वृद्धि भई ७ लाख ४५ हजार पुगेको छ । यसमध्ये मोटरसाईकलको संख्या १३.६ प्रतिशतले वृद्धि भई ६ लाख १९ हजार र अन्य सवारी साधनको संख्या १५.४ प्रतिशतले वृद्धि भई १ लाख २७ हजार पुगेको छ ।

२०७८ पुस मसान्तसम्म यस प्रदेशका १४ वटा जिल्लाहरुमध्ये सुनसरी, मोरङ, झापा, ईलाम, उदयपुर, धनकुटा र ओखलढुङ्गा गरी ७ जिल्लाहरुबाट सवारी साधन दर्ता हुने कार्य हुँदै आएको छ । दर्ता भएका सवारी साधनमध्ये सबैभन्दा बढी ७४.२ प्रतिशत सवारी साधन सुनसरी जिल्लामा दर्ता भएको देखिन्छ ।

**चार्ट ५.६ : यातायातका साधनको संख्या**




स्रोत : यातायात व्यवस्था कार्यालय र यातायात व्यवस्था सेवा कार्यालय


## ५.५ सेवा क्षेत्र कर्जा

२०७८ असार मसान्तको तुलनामा २०७८ पुस मसान्तसम्म यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २३.१ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ४८ अर्ब पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १८.८ प्रतिशत बढेको थियो । समीक्षा अवधिमा कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ६४.० प्रतिशत रहेको छ ।

२०७८ पुस मसान्तसम्म कुल सेवा कर्जा मध्ये थोक तथा खुद्रा व्यापार शीर्षकमा सबैभन्दा बढी ३६.० प्रतिशत र अन्य सेवा शीर्षकमा सबैभन्दा कम २.० प्रतिशत कर्जा प्रवाह भएको छ ।

२०७८ पुस मसान्तसम्म कुल सेवा कर्जामध्ये उपभोग्य कर्जा सबैभन्दा बढी ३६९.७ प्रतिशतले वृद्धि भएको थियो भने अन्य सेवा कर्जा सबैभन्दा बढी ४३.८ प्रतिशतले घटेको थियो ।

**चार्ट ५.७ सेवा क्षेत्र कर्जाको अवस्था**




स्रोत : नेपाल राष्ट्र बैंक

## ५.६ प्रदेश नं. १ को सरकारी वित्त स्थिति

- आ.व. २०७८/७९ का लागि प्रदेश नं. १ सरकारले कुल रु.३२ अर्ब ५३ करोड बजेट बिनियोजन गरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयको विवरण अनुसार पहिलो ६ महिनाको अवधिमा ८ अर्ब ८७ करोड खर्च भएको छ जुन कुल विनियोजनको २७.३ प्रतिशत हो । आ.व. २०७७/७८ को पहिलो ६ महिनामा बिनियोजन भएको बजेटको १९.७ प्रतिशत खर्च भएको थियो ।

- आर्थिक वर्ष २०७८/७९ मा चालु खर्चतर्फ बिनियोजन भएको रु.१७ अर्ब ४३ करोडमध्ये २०७८ पुस मसान्तसम्म रु.५ अर्ब ६८ करोड खर्च भएको छ जुन विनियोजन भएको चालु खर्चको ३२.६ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च १७.० प्रतिशत रहेको थियो । त्यसैगरी, पुँजीगत खर्चतर्फ बिनियोजन भएको रु.१५ अर्ब १० करोडमध्ये रु.३ अर्ब १९ करोड खर्च भएको छ जुन विनियोजन भएको पुँजीगत खर्चको २१.१ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च २२.१ प्रतिशत रहेको थियो ।

- प्रदेश नं. १ सरकारले आ. व. २०७८/७९ मा आन्तरिक स्रोत र राजश्व बाँडफाँड गरी कुल राजश्व रु.१३ अर्ब ९० करोड अनुमान गरेकोमा २०७८ पुस मसान्तसम्म रु.५ अर्ब ५८ करोड राजश्व परिचालन गरेको छ जुन कुल राजश्व अनुमानको ४०.१ प्रतिशत हो ।

- आ.व. २०७८/७९ मा प्रदेश नं. १ सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१६ अर्ब ३० करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०७८ पुस मसान्तसम्म कुल रु.६ अर्ब ४ करोड अनुदान प्राप्त गरेको छ । प्राप्त भएको अनुदान रकममध्ये समानीकरण अनुदानको रकम रु.४ अर्ब २८ करोड रहेको छ भने सशर्त अनुदानको रकम रु.१ अर्ब ३१ करोड रहेको छ ।

| तालिका ५.५: प्रदेश नं. १ सरकारको प्रगति विवरण (६ महिना) | | | | | | |
|---|---|---|---|---|---|---|
| शीर्षक | २०७७/७८ | | २०७८/७९ | | प्रगति | |
| | बजेट | यथार्थ | बजेट | यथार्थ | २०७७/७८ | २०७८/७९ |
| कुल खर्च(रु.अर्ब) | ४०.८५ | ८.०६ | ३२.५३ | ८.८७ | १९.७ | २७.३ |
| चालु खर्च | १८.९३ | ३.२१ | १७.४३ | ५.६८ | १७.० | ३२.६ |
| पुँजीगत खर्च | २१.९२ | ४.८५ | १५.१० | ३.१९ | २२.१ | २१.१ |
| कुल राजश्व (रु.अर्ब) | १४.७९ | ५.७० | १३.९० | ५.५८ | ३८.५ | ४०.१ |
| अनुदान (रु. अर्ब) | १५.१० | ४.३५ | १६.३० | ६.०४ | २८.८ | ३७.० |

स्रोत : बजेट वक्तव्य तथा प्र.ले.नि.का.

## ५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना

### चुनौती

- कोभिड १९ महामारीका कारण अति प्रभावित पर्यटन तथा सोसँग सम्बन्धित अन्य व्यवसायलाई पुनरुत्थान गर्नु ।
- यस प्रदेशको भ्रमणमा आउने बाह्य पर्यटकहरुको देशगत मिश्रणको अध्ययन गरी पर्यटकको रुची/रहनसहन अनुसारको पर्यटन पूर्वाधार विकास गर्न सामुदायिक तथा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीतिगत व्यवस्था गरी बाह्य पर्यटकहरुको संख्या वृद्धि तथा बसाई अवधि लम्ब्याउनु ।
- हालको धितोमुखी बैकिङ्ग प्रणालीलाई परियोजना तथा नगदप्रवाहमुखी बनाई प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा प्रवाहको सुनिश्चितता गर्नु ।
- प्रदेश सरकारका विभिन्न विषयगत मन्त्रालय तथा स्थानीयतहले समेत आ–आफ्नै विधि तथा प्रक्रियाबाट सहुलितपूर्ण कर्जा कार्यक्रम कार्यान्वयन गर्ने गरेको सन्दर्भमा हाल कार्यान्वयनमा रहेको सहुलियतपूर्ण कर्जा कार्यक्रममा दोहोरो नपर्ने गरी यस प्रकारका सहुलियतपूर्ण कर्जामा लक्षित वर्गको पहुँच सुनिश्चित गर्नु ।
- विशेषतः शहर केन्द्रित हालको बैकिङ्ग सेवालाई समावेशी बैकिङ्गको अवधारणा अनुसार बैकिङ्ग सेवा नपुगेका ग्रामीण र दुर्गम क्षेत्रमा विस्तार गरी सर्वसाधारणको पहुँच वृद्धि तथा राज्यको प्राथमिकता प्राप्त क्षेत्रहरुमा स्वतः स्फूर्त लगानी गर्न प्रोत्साहन गर्नु ।
- कोभिड १९ महामारीका कारण बैंक तथा वित्तीय संस्थाहरुले यातायात र पर्यटन क्षेत्रमा प्रवाह गरेको कर्जा असुलीमा देखिएको समस्याको समुचित सम्वोधन गर्नु ।

### सम्भावना

- यस प्रदेशमा निर्माणाधीन जलविद्युत आयोजनाहरु समयमै सम्पन्न भएमा उर्जामा आत्मनिर्भर भई औद्योगिक वस्तुको उत्पादनमा वृद्धि हुन सक्ने ।
- समीक्षा अवधिमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाका शाखा उल्लेख्य संख्यामा विस्तार भएको हुँदा ग्रामीण तथा दुर्गम क्षेत्रका सर्वसाधारणको समेत बैकिङ्ग सेवामा पहुँच सहज हुदै गएको तथा वित्तीय चेतनाको स्तर अभिवृद्धि भएकाले उक्त क्षेत्रमा आर्थिक क्रियाकलापहरु वृद्धि हुन सक्ने ।

- ऐतिहासिक, धार्मिक, साँस्कृतिक, भौगोलिक, साहसिक महत्वका स्थलहरुको पहिचान, समुचित प्रर्वद्धन, विकास तथा प्रचारप्रसारका साथै पर्यटन पूर्वाधार विकासमा प्रदेश सरकार तथा स्थानीय तहले उच्च प्राथमिकताका साथ बजेट विनियोजन गर्ने गरेकोले आगामी दिनमा पर्यटन क्षेत्र यस प्रदेशको अर्थतन्त्रको मुख्य सम्वाहक हुन सक्ने देखिन्छ ।

- यस प्रदेशमा रहेका पर्यटकीय गन्तव्यहरुमा सुविधा सम्पन्न होटल तथा लजहरु निर्माण/सञ्चालन गर्न सके पर्यटकको वसाई अवधि लम्ब्याउन तथा पर्यटकले गर्ने खर्च बढाउन सकिने देखिन्छ ।

- विराटनगर विमानस्थल अन्तर्राष्ट्रियस्तरमा स्तरोन्नतीको क्रममा रहेको, पर्यटकस्तरका होटलहरु स्थापना हुने क्रम बढी रहेको, मध्यपहाडी लोकमार्गको निर्माण कार्य तीव्ररुपमा भइरहेको तथा नयाँनयाँ पर्यटकीय गन्तव्य पहिचान, विकास तथा प्रचार प्रसार स्थानीय सरकार तथा निजी क्षेत्रको समेत प्राथमिकतामा रहेकोले आगामी दिनमा यस प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटक आगमनमा वृद्धि हुने देखिन्छ ।

- उद्यमशीलताको विकास मार्फत स्वरोजगार सृजना गर्न नेपाल सरकारले लागू गरेको सहुलियतपूर्ण कर्जाको माग तथा विस्तार बढदै गएकोले आन्तरिक उत्पादन वृद्धि भई आयात प्रतिस्थापनमा योगदान पुग्ने दखिन्छ ।

- प्रदेशका सबै स्थानीय तहमा कम्तीमा एउटा बैंक तथा वित्तीय संस्थाको विस्तार भएसँगै वित्तीय सेवामा सर्वसाधारणको पहुँच तथा वित्तीय सेवाको प्रयोग बढ्दै गएकोले अनौपचारिक अर्थतन्त्रको हिस्सा कम हुदैं जाने देखिएको छ ।

# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

समीक्षा अवधिमा यस प्रदेशमा राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्ग गरी ४५६.५ कि.मि. थप सडक विस्तार भई कुल सडक सञ्जाल ६२१२.२ कि.मि. पुगेको छ। समीक्षा अवधिमा खोटाङ जिल्लामा सबैभन्दा बढी ८३.७ कि.मि. तथा भोजपुर जिल्लामा सबैभन्दा कम ६.० कि.मि.सडक विस्तार भएको छ।

प्रदेश नं. १ मा रहेका १५ वटा आन्तरिक विमानस्थलमध्ये हाल १२ वटा विमानस्थल सञ्चालनमा रहेका छन्। सोलुखुम्बु जिल्लाको स्याङबोचे विमानस्थल, काङगेल विमानस्थल र ओखलढुङगाको खिजी चण्डेश्वरी विमानस्थल सञ्चालनमा रहेका छैनन्।

**अर्थतन्त्रमा प्रभाव पार्ने ठुला आयोजना**

- **पुष्पलाल मध्यपहाडी लोकमार्ग**

प्रदेश नं. १ अन्तर्गत पुष्पलाल मध्यपहाडी लोकमार्गको कुल लम्बाई ५७३.२ कि. मि. रहेको छ। दुई खण्डमा विभाजन गरेर निर्माण कार्य भइरहेको छ।

यस लोकमार्गको **पहिलो खण्ड** पाँचथर, तेह्रथुम, धनकुटा र भोजपुर जिल्लामा पर्दछ। वि.स. २०६९ बैशाखबाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्वाई ३८३ किलोमिटर तथा कुल अनुमानित लागत रु.८ अर्ब ९० करोड रहेको छ। वि.स. २०७९ माघसम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको वि.स. २०७८ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७५.० प्रतिशत तथा ७०.० प्रतिशत रहेको छ। यस खण्डमा स्वदेशी र विदेशी गरी कुल ४,२०० कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन्।

त्यसैगरी, यस लोकमार्गको **दोस्रो खण्ड** खोटाङ, ओखलढुङ्गा र उदयपुर जिल्लामा पर्दछ। आ.व.२०७१/७२ बाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्वाई १९०.२८ किलोमिटर रहेको छ। आ.व.२०७८/७९ सम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको वि.स. २०७८ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति समान ९० प्रतिशत रहेको छ। यस खण्डमा स्वदेशी र विदेशी गरी कुल ८०० कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन्। यस खण्डको कुल अनुमानित लागत रु.२ अर्ब ८ करोड रहेको छ।

- **मदन भण्डारी राजमार्ग (भित्रि तराई लोकमार्ग)**

प्रदेश नं. १ मा मदन भण्डारी राजमार्गको दुई खण्डमा निर्माण कार्य भइरहेको छ।

यस लोकमार्गको **पहिलो खण्ड** सुनसरी, मोरङ, झापा र इलाम जिल्लामा पर्दछ। आ.व. २०७६/७७ बाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्वाई १३० कि.मि. रहेको छ। आ.व.२०८१/८२ सम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको वि.स. २०७८ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ३० प्रतिशत तथा २७ प्रतिशत रहेको छ।

लोकमार्गको **दोस्रो खण्ड** प्रदेश नं. १ को उदयपुर र बागमती प्रदेशको सिन्धुली जिल्लामा पर्दछ। कुल लम्बाई १३५ कि.मि. रहेको लोकमार्गको यस खण्डको निर्माण कार्य आ.व.२०७३/७४ बाट प्रारम्भ भई आ.व. २०७७/७८ मा सम्पन्न भइसकेको छ।

- **हुलाकी राजमार्ग**

प्रदेश नं. १ को झापा, मोरङ र सुनसरी तथा प्रदेश नं. २ को सप्तरी जिल्ला अन्तर्गत रहेको हुलाकी राजमार्गको कुल लम्बाई ३१३ किलोमिटर रहेको छ। साथै, यस खण्ड अन्तर्गत २६ वटा पुलहरु रहेका छन्। यस खण्डको निर्माण कार्यको प्रारम्भ आ.व. २०६६/६७ बाट भएको हो। आ.व. २०७९/८० मा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको वि.स. २०७८ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७०.० प्रतिशत तथा ६३.० प्रतिशत रहेको छ। यस खण्डको कुल अनुमानित लागत रु.१४ अर्ब रहेको छ।

- **उत्तर-दक्षिण (कोशी कोरिडोर) लोकमार्ग**

दक्षिणमा भारतको सिमाना जोगवानी देखि बसन्तपुर, खाँदबारी हुदै नेपालको उत्तरी सिमाना किमाथांका जोडने राष्ट्रिय गौरवको यस लोकमार्गको कुल लम्वाई ३९० कि.मि रहेको छ।

यस लोकमार्ग अन्तर्गतको **रानी-विराटनगर-इटहरी-धरान सडक आयोजना** निर्माण कार्यको प्रारम्भ आ.व.२०६९/७० बाट भएको हो। कुल लम्बाई ४९ कि.मि रहने यस ६ लेन सडक आयोजनाको कुल अनुमानित लागत रु.१० अर्ब रहेको छ। आ.व. २०७९/८० मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको वि.स. २०७८ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति समान ८०.० प्रतिशत रहेको छ।

विभिन्न खण्डहरुमा निमार्ण भइरहेको यस सडक योजनाको कार्यक्षेत्रभित्र **संखुवासभा जिल्लाको खाँदबारी देखि उत्तरी सीमा किमाथांका**सम्मको कुल १६२ कि.मि मात्र पर्दछ। आ.व.२०६५/६६ बाट निर्माण कार्य प्रारम्भ भएको यस आयोजनाको कुल अनुमानित लागत रु.११ अर्ब ९३ करोड रहेको छ। आ.व. २०८३/८४ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको वि.स. २०७८ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ४०.० प्रतिशत र ३८.० प्रतिशत रहेको छ।

- **अरुण तेस्रो जलविधुत परियोजना**

अरुण तेस्रो जलविद्युत परियोजना अन्तर्गत अरुण तेस्रो जलविद्युत आयोजना र अरुण तेस्रो जलविद्युत आयोजना (प्रसारणलाइन निर्माण) गरी २ वटा आयोजना रहेका छन्। दुबै आयोजनाको कुल लागत रु.१ खर्ब ४५ अर्ब रहेको छ।

**अरुण तेस्रो जलविद्युत आयोजनाको** निर्माण कार्य वि.स. २०७५ वैशाखबाट प्रारम्भ भई वि.स. २०८१ माघसम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ। यस आयोजनाको कुल विद्युत उत्पादन क्षमता ९०० मे.वा. रहेको छ। २०७८ पुस मसान्तसम्म यस आयोजनाको भौतिक तथा वित्तीय प्रगति क्रमशः ४८.५ प्रतिशत र ३२.१ प्रतिशत रहेको छ। यस आयोजनामा स्वदेशी र विदेशी गरी कुल ३,१६७ कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन्।

**अरुण तेस्रो जलविद्युत आयोजना ४०० के.भी. प्रसारणलाइन निर्माणको** कार्य वि.स. २०७६ माघबाट प्रारम्भ भएको हो। संखुवासभा, भोजपुर, खोटाङ, उदयपुर, सिराहा, धनुषा, महोत्तरी जिल्ला अन्तर्गत पर्ने यस आयोजनाको २०७८ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः १२.० प्रतिशत एवम् २२.२ प्रतिशत रहेको छ। उक्त आयोजनाबाट स्वदेशी र विदेशी गरी कुल ६०१ कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन्।

- **कोशी कोरिडोर २२० के. भी. प्रसारण लाइन तथा सवस्टेसन निर्माण**

कोशी कोरिडोर २२० के. भी. प्रसारण लाइन तथा सवस्टेसन निर्माण अन्तर्गत ईनरुवा–बसन्तपूर–बानेश्वर–तुम्लिङटार) २२० के.भी. प्रसारण लाइन आयोजना, तुम्लिङटार-बानेश्वर-वसन्तपुर-इनरुवा २२० के.भी. सवस्टेशन र वसन्तपुर - ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी. प्रसारण लाइन(सव-स्टेशन समेत) गरी तीन वटा आयोजना रहेका छन्।

कोशी कोरीडोर अन्तर्गत सन् २०१६ बाट निर्माण कार्य प्रारम्भ भएको **ईनरुवा–बसन्तपूर–बानेश्वर–तुम्लिङटार २२० के.भी. प्रसारण लाइन आयोजना**को निमार्ण कार्य सम्पन्न भैसकेको छ ।

कोशी कोरीडोर अन्तर्गत **तुम्लिङटार, बानेश्वर, वसन्तपुर, इनरुवा गरी ४ वटा सवस्टेशनको** निर्माण कार्य सन् २०१८ अक्टोवरबाट प्रारम्भ भएको हो । यस आयोजनाको कुल अनुमानित लागत २ करोड ६० लाख अमेरिकी डलर रहेको छ । सन् २०२२ सेप्टेम्वरमा सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको वि.स. २०७८ पुस मसान्तसम्मको भौतिक प्रगति ९०.० प्रतिशत तथा वित्तीय प्रगति ८५.० प्रतिशत रहेको छ ।

कोशी कोरीडोर अन्तर्गत **वसन्तपुर - ताप्लेजुङ ढुंगेसाँघु २२० के.भी. प्रसारण लाइन र सव-स्टेशनको** निर्माण कार्य सन् २०१८ जुनबाट प्रारम्भ भएको हो । यस आयोजनाको कुल अनुमानित लागत २ करोड १० लाख अमेरिकी डलर रहेको छ । सन् २०२२ डिसेम्बरमा सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको वि.स. २०७८ पुस मसान्तसम्मको भौतिक प्रगति ८०.० प्रतिशत तथा वित्तीय प्रगति ७५.० प्रतिशत रहेको छ ।

- **कुशाहा विराटनगर कोरिडोर १३२ के.भी. प्रसारण लाइन तथा सवस्टेशन निर्माण** कार्य आ.व.२०७०/७१ बाट प्रारम्भ भई आ.व. २०७८/७९ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । यस आयोजनाको कुल लागत रु.१ अर्ब ९२ करोड रहेको छ । सुनसरी जिल्लामा निर्माण भइरहेको यस आयोजनाको वि.स. २०७८ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः २७.० प्रतिशत तथा २५.० प्रतिशत रहेको छ ।
- **सोलु कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजनाको** निर्माण कार्य सन् २०१८ मे बाट प्रारम्भ भएको हो । यस आयोजनाको प्रसारण लाइन निमार्ण कार्य सम्पन्न भई सकेतापनि तारमुनीको दायाँवायाँको १८ मिटर जग्गाको मुआव्जा तथा साइट क्लियरको कार्य बाँकी रहेकोले २०७८ पुस मसान्तसम्म यस आयोजनाको भौतिक तथा वित्तीय प्रगति समान ९२.० प्रतिशत रहेको छ ।
- **कोशी-तमोर कोरिडोर सडक**

कोशी तमोर कोरिडोर सडक आयोजनाको निर्माण कार्य वि.स. २०७४ फागुनबाट प्रारम्भ भई वि.स.२०७८ कात्तिकमा सम्पन्न गर्ने लक्ष्य रहेको थियो । सुनसरी, धनकुटा तथा पाँचथर जिल्ला अन्तर्गत पर्ने यस आयोजनाको कुल अनुमानित लागत रु.७ अर्ब १० करोड रहेको छ । वि.स. २०७८ पुस मसान्तसम्म यस आयोजनाको भौतिक तथा वित्तीय प्रगति क्रमशः ९८.० प्रतिशत तथा ९७.० प्रतिशत रहेको छ ।

- **प्रदेश गौरवको आयोजना : विराटचोक-घिनाघाट सडक आयोजना**

प्रदेश नं. १ को प्रदेश गौरवको आयोजनाको रुपमा रहेको यस आयोजनाको निमार्ण कार्य आ.व २०७६/७७ बाट प्रारम्भ भएको हो । कुल लम्बाई २२ कि.मि. रहने यस ४ लेन सडक आयोजनाको कुल अनुमानित लागत रु. १ अर्ब ७६ करोड रहेको छ । आ.व. २०७८/७९ मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको वि.स. २०७८ पुस मसान्तसम्मको भौतिक र वित्तीय प्रगति क्रमशः ७५.५ प्रतिशत र ७०.७ प्रतिशत रहेको छ ।

- **जल यातायात**

सप्तकोशी नदीमा चतरादेखि भोजपुरसम्म करिव १७ कि.मी. लामो जलमार्ग संचालनमा (जलयात्राको लागि करिव २० देखि ३० मिनेट समय लाग्ने) रहेको छ । हाल यस जलमार्गमा ४ वटा कम्पनीले सेवा प्रदान गरिरेहेका छन् । नेपाल पानी जहाज कार्यालयले चतरा देखि तुम्लीङ्गसम्मको ७५ कि.मी. तथा खुवालुङ देखि सुनकोशीतर्फको १० कि.मी. जलमार्गको सम्भाव्यता अध्ययन गरिरहेको छ ।

- **विराटनगर विमानस्थलको विस्तार** तथा स्तरोन्नत्तिको लागि हाल रहेको १२२ विघा जमिनमा थप १२६.४६ विघा जमिन अधिग्रहण गरी विमानस्थलको कुल क्षेत्रफल २४८.४६ विघा पुऱ्याउने लक्ष्य रहेको छ । नेपाल सरकार, मन्त्रिपरिषदले वि.स. २०७७ कात्तिकमा विमानस्थलको धावनमार्ग ३,००० मिटर विस्तार तथा नयाँ टर्मिनल भवनका साथै अन्य भौतिक पूर्वाधार समेतको निर्माण गर्न आवश्यक मोरङ्ग जिल्लातर्फको ११२२ वटा कित्ता र सुनसरीतर्फको १४५ वटा कित्ता गरी कुल १,२६७ कित्ता जग्गा रोक्का गरी मोरङ्गतर्फको जग्गा प्राप्तीका लागि मुआब्जा निर्धारणको कार्य भइरहेको छ ।

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

- सार्वजनिक निर्माण सम्बद्ध ठेकेदारको क्षमता अभाव तथा कमजोर कार्यसम्पादनको कारण पूर्वाधार आयोजनाहरु तोकिएको समयमा सम्पन्न नहुने आम प्रवृत्तिको अन्त्य गरी पूर्वाधारको गुणस्तर कायम राखी लागत न्यूनीकरण गर्दै नतिजा हासिल गर्ने कार्य ।।

- पूर्वाधार निर्माण तथा विकासको कार्यलाई निरन्तरता दिन छरिएर रहेका सम्बन्धित निकायहरु (सडक विभाग, खानेपानी तथा ढलनिकास, दुरसञ्चार तथा विद्युत प्राधिकरण आदि जस्ता) बीच समन्वय गर्ने अधिकार सम्पन्न स्थायी संयन्त्र निर्माण गर्न सरोकारवाला निकाय (संघीय सरकार/प्रदेश सरकार) लाई सहमत गराउने कार्य ।

- भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक जग्गाको पहिचान,मूल्याङ्कन, अधिग्रहण तथा मुआब्जा वितरणको कार्यमा हुने स्थानीय अवरोधको दीर्घकालिन समाधान खोज्नु ।

- कार्यसम्पादनमा आधारित नतिजामुखी पूर्वाधार आयोजना व्यवस्थापन गर्नु ।

- भौगोलिक जटिलताका वावजुद जल यातायात सञ्चालन गर्न जलमार्गको पहिचान गर्नु ।

- सडक पूर्वाधार, सुरुङ्ग मार्ग , ट्रष्ट व्रिज आदिनिर्माणको लागि भौगोलिक बनोट अनुकुल प्रविधि/मेसिनरी उपकरण भित्र्याउनु तथा विकास गर्नु ।

- स्रोत सुनिश्चितनभई प्रारम्भ गरिएका आयोजनाको लागि आवश्यक स्रोत जुटाई तोकिएको समयमा आयोजना सम्पन्न गर्नु ।

- वार्षिक रुपमा रोजगारीको खोजीमा आन्तरिक श्रमबजारमा प्रवेश गर्ने श्रमिकहरु लाई पूर्वाधारका क्षेत्रमा आकर्षित गर्नु ।

- निश्चित मापदण्ड विना पूर्वाधारका आयोजनाको छनोट गर्ने र आवश्यक पूर्व तयारी बिना कार्यान्वयनमा लैजाने हालको परिपाटीलाई बन्द गरी प्रदेशस्तरमा पनि परियोजना बैंकको अवधारणाको अनुसरण तथा कार्यान्वयन गर्नु ।

- प्रशारण लाइन तथा सडक विस्तारका क्रममा हुने वन विनास र पानीका प्राकृतिक स्रोतमा हुने क्षतिले सिर्जना गरेको बढीपहिरो तथा जीबनकै क्षतिलाई न्यूनीकरण गर्दै दिगो विकासको लक्ष्य हासिल गर्नु ।

- पूर्वाधार क्षेत्रमा आवश्यक समयानुकुल प्राविधिक जनशक्ति स्वदेशमा उत्पादन गर्नु ।

**सम्भावना**

- सरकारको दीर्घकालिन सोचमा सडक सञ्जालको विकास एवम् सुदृढीकरण उच्च प्राथमिकतामा रहेको तथा तीनै तहका सरकारले सडक सञ्जाल विस्तार/मर्मत कार्य गर्न सक्ने व्यवस्था रहेकोले आगामी दिनमा सडक निर्माण, विस्तार तथा सुधारको कार्यले तीव्रता पाउने देखिन्छ।

- पूर्वाधारका क्षेत्रमा लगानी गर्न द्धिपक्षीय एवम् बहुपक्षीय विकास साझेदारको निरन्तर चासो रहेकोले आगामी दिनमा पूर्वाधारको विकासमा वित्तीय स्रोतको अभाव नहुने देखिन्छ।

- जलविद्युत उत्पादनको लागि भौगोलिक अनुकुलता र प्रचुर जलस्रोत रहेको, मुलुककै हालसम्मको सबैभन्दा ठुलो जलविद्युत आयोजना स्वदेशी पुँजी तथा विज्ञतामा निर्माण सम्पन्न भएको, सर्वसाधारणबाट जलविद्युत आयोजना निर्माण गर्न आवश्यक पुँजी जुटाउन समेत सहज हुँदै गएको, अन्तरदेशीय विद्युत प्रसारणलाइन निर्माणको क्रममा रहेको आदि जस्ता कारणले जलविद्युतको उत्पादन तथा निर्यातबाट मुलुकको अर्थतन्त्रमा टेवा पुग्ने देखिएको।

- निरन्तररुपमा जल प्रवाह हुने नदीहरु रहेको यस प्रदेशमा जल यातायात विकासको प्रचुर सम्भावना रहेको।

# परिच्छेद ७: आर्थिक परिदृष्य

## ७.१ कृषि उत्पादन

- विगतमा जस्तै बाली लगाउने समयमा रासायनिक मलको अभावका कारण प्रमुख खाद्यबालीहरु विशेष गरी वर्षे धानको उत्पादन कम हुने देखिन्छ ।

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत प्रदेश नं. १ मा मकै उत्पादनसँग सम्बन्धित पकेट तथा ब्लकका कार्यक्रम थप भएको, कृषिसँग सम्बन्धित कार्यालयहरुले विगत दुई वर्ष देखि मकै उत्पादनमा बढी प्रभाव पार्ने अमेरिकन फौजी किराको प्रकोप नियन्त्रणका लागि विविध कार्यक्रम सञ्चालन गरेको तथा पछिल्ला बर्षमा गहुँको सट्टा मकै बालीतर्फ कृषकहरुको आकर्षण बढ्दै गएकोले गत वर्षको तुलनामा गहुँको उत्पादन घट्ने तथा मकैको उत्पादन बढ्ने देखिन्छ ।

- समयमा नै भएको हिँउदे वर्षा तथा उच्च हिमाली भेगमा हिमपातका कारण जौ, फापर, कोदो लगायतका स्थानीय हिउँदे बालीको उत्पादन वृद्धि हुने देखिन्छ ।

- गत वर्ष सुन्तलामा देखिएको औंसा किराको प्रकोप नियन्त्रणको लागि कृषि ज्ञान केन्द्र तथा स्थानीय निकायले विविध कार्यक्रम सञ्चालन गरेकाले आगामी वर्ष सुन्तला र सुन्तलाजन्य फलफुलको उत्पादनमा वृद्धि हुने देखिन्छ ।

- सहुलियतपूर्ण कर्जा, नगद तथा प्राविधिक अनुदान, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाले कृषि क्षेत्रको आधुनिकिकरणको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको, पछिल्ला वर्षहरुमा पशुपालन, माछापालन लगायत व्यावसायिक खेतीतर्फ सर्वसाधारण/कृषकको आकर्षण बढ्दै गएको, ठुला कृषि फर्महरुको स्थापना हुने क्रम बढेसँगै पशुपंक्षीजन्य उत्पादनहरु जस्तैः दूध, अन्डा, माछा, मासुको उत्पादन बढ्ने देखिन्छ ।

- कोभिड महामारीको प्रभाव न्यून हुँदै गएको तथा आगामी वर्षको बजेटले समेत निजी बनबाट काठ कटान गर्नका लागि थप सहजता प्रदान गरेकोले गत वर्षको तुलनामो पछिल्लो छ महिनामा काठको उत्पादन वृद्धि हुने देखिन्छ ।

## ७.२ औद्योगिक उत्पादन

- भारतमा भटमासको तेलको माग उच्च रहेको तथा बनस्पति घिउ उत्पादन गर्ने उद्योगहरुले पनि आफ्नो उत्पादन सम्बन्धी क्रियाकलापलाई भटमासको तेल उत्पादनतर्फ केन्द्रीत गरेका कारण दोस्रो अर्धवार्षिकमा भटमासको तेल उत्पादन अझ वृद्धि हुने देखिन्छ ।

- कोरोना महामारी अवधिमा तयारी लत्ता कपडा कम आयात भएको कारण तयारी लत्ता कपडा तथा सिन्थेटिक कपडा उत्पादन गर्ने उद्योगहरुले उक्त अवधिमा तयारी लत्ता कपडाको उत्पादन बढाएको तथा सोको मौज्दात हाल सम्मपनि उच्च रहेकोले यस वर्षको दोस्रो अर्धवार्षिकमा तयारी कपडाको उत्पादन गत अवधिको तुलनामा घट्ने देखिन्छ ।

- कोभिड महामारीको प्रभाव न्यून हुँदै गई निर्माणजन्य गतिविधिमा वृद्धि भएकाले दोस्रो अर्धवार्षिकमा फलामे छड तथा पत्तिको मागमा वृद्धि भई यसको उत्पादन बढ्ने देखिन्छ ।

## ७.३ सेवा क्षेत्र

- विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीको प्रभाव कम भएसगैं अर्थतन्त्र पुनरुत्थानका लागि चालिएका कदमहरुको परिणाम स्वरुप पर्यटन क्षेत्रको आर्थिक क्रियाकलाप विस्तार हुने देखिन्छ । आवतजावतका लागि सहज

भएसँगै भारतीय पर्यटकको आवगमन बढन थालेसँगै प्रदेश नं. १ का पाथिभरा, हलेसी, बराहक्षेत्र लगायतका धार्मिकस्थलहरुमा धार्मिक पर्यटकीय गतिविधिहरुमा वृद्धि हुने देखिन्छ ।

- समिक्षा अवधिमा निक्षेपको तुलनामा कर्जाको वृद्धिदर उच्च रहेको तथा बैंक तथा वित्तीय संस्थाहरुमा लगानीयोग्य तरलताको अभाव रहेका कारण दोस्रो अर्धवार्षिकमा कर्जाको वृद्धिदरमा संकुचन आउने देखिन्छ ।

## ७.४ पूर्वाधार क्षेत्र

- कोरोना महामारीको प्रभाव न्यून भएको र निर्माणजन्य कार्यले तीव्रता पाएसँगै दोस्रो अर्धवार्षिकमा पूर्वाधार निर्माण क्षेत्रमा थप रोजगारी सिर्जना हुने देखिन्छ ।

- जलविद्युत आयोजनाको निर्माण सम्पन्न भई प्रणालीमा विद्युत थप हुने क्रम बढेको तथा थप भएको विद्युत उत्पादनको प्रसारण तथा वितरणको लागि कोसी करिडोर प्रसारण लाइनको निमार्ण कार्य सम्पन्न भएका, सोलु करिडोरको निर्माण कार्य अन्तिम अवस्थामा रहेको तथा अन्य प्रसारण लाइनको विस्तार एवं क्षमताको स्तरोन्नतीको कार्य भईरहेकोले विद्युत् आपूर्ति बढ्ने देखिन्छ ।

- पूर्व पश्चिम राजमार्ग, मदन भण्डारी राजमार्ग, पुष्पलाल मध्यपहाडी लोकमार्ग तथा उत्तर-दक्षिण जोड्ने मुख्य राजमार्गहरुको विस्तार र स्तरोन्नतीको कार्य निरन्तर जारी रहेकोले उक्त मुख्य राजमार्गसँग जोडिने सहायक राजमार्ग, ग्रामीण सडक तथा पहुँचमार्गको निर्माण तिब्र रुपमा बढ्ने देखिन्छ ।